म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ५३ शुक्रबार ५ असोज २०८० ने. सं. ११४३ ञलाथ्व 22 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## डाक्टर कुटपिट घटनामा थप एक जना पक्राउ

हेटौंडा, ४ असोज/हेटौंडास्थित सञ्चो अस्पतालमा डाक्टर विकास थापा र प्रशान्त विडारीमाथि भएको कुटपिटमा संलग्न थप एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा हेटौंडा-१२ सिक्रेनी बस्ने ४० वर्षीय सुनिल पाखिन रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका डिएसपी लक्ष्मी भण्डारीका अनुसार पाखिनलाई बुधवार दिउँसो हेटौंडा-९ सिमेन्टरोडबाट पक्राउ गरिएको हो । डेंगु संक्रमणको कारण एक महिना अघि मृत्यु भएका हेटौंडा-१२ का ४१ वर्षीय राजेश प्रधानको उपचारमा लापरबाही भएको भन्दै उनका आफन्तसहितका एक समूहले दुईजना डाक्टरलाई अस्पतालभित्रै कुटपिट गरेका थिए ।

# ठेक्केदारको म्याद १८ महिना तर, चार वर्षसम्म भवन अधुरै

### अझै एक वर्ष लाग्ने

निशा गुरुङ



हेटौंडा, ४ असोज/१८ महिनामा निर्माण सम्पन्न गर्ने तयारीका साथ सम्झौता भएको बागमती प्रदेशसभाको नयाँ भवन ४ वर्षसम्म पनि निर्माणाधीन अवस्थामै छ ।

ठेक्का दिने भौतिक पूर्वाधार विकास मन्त्रालय र ठेकदार कम्पनीबीच समयमा सही समन्वय नहुँदा प्रदेशसभाको नयाँ भवन अझै निर्माण सम्पन्न हुन नसकेको हो । भवन निर्माणको लागि तोकिएको म्यादभन्दा २७ महिना बढी समय सकिदासम्म बागमती प्रदेशसभा सचिवालय भवन निर्माण सकिएको छैन । प्रदेश सरकार सञ्चालनको लागि सभाकक्ष साँघुरो भएपछि अघिल्लो कार्यकालमै संसद सचिवालय निर्माणको काम थालिएको थियो तर, हालसम्म अधुरै छ ।

भवन अधुरो हुनुमा ठेकदार पक्षले सरकारी पक्ष (बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन कार्यालय) लाई दोष दिँदै आएको छ । यता शहरी विकास तथा भवन कार्यालयले ठेकदार कम्पनीले नै कहिले कोभिड त कहिले अव्यवहारिक कारण देखाउँदै ढिलाइ गरेको बताएको छ ।

तर, लिखितरुपमा भने उनीहरुले निर्माण अवधि थप्नको लागि निर्माण सामग्री बाहिरी मुलुकबाट ल्याउनु पर्ने र आयात गर्न समय लागेको तथा कोभिडको कारण निर्माणमा ढिलाइ भएको स्पष्टिकरण निर्माण कम्पनीले शहरी विकास तथा भवन कार्यालयमा पेश गरेर म्याद थप गरिएको छ । प्रदेशको प्रदेशसभा सचिवालय निर्माणको लागि ४ करोड ९४ लाख ९ हजार ९ रुपैयाँमा ठेक्का सम्झौता गरी अर्घाखाँची/सगुन/पारामाउण्ट जोइन्ट भेन्चरले निर्माण पाटो जिम्मा लिएको थियो । वि.स २०७७ मङ्सिर १० गते प्रदेशसभा सचिवालय निर्माणको लागि तत्कालीन सभामुख सानुकुमार श्रेष्ठले भवनको शिलान्यास गरेका थिए ।

१८ महिनाभित्र अर्थात २०७९ जेठ ९ गते काम सम्पन्न गर्ने गरी निर्माण कम्पनीसँग सम्झौता भएकोमा ४ वर्षसम्म पनि निर्माण कार्य सकिएको छैन । पछिल्लोपटक २०८० जेठ ३० गतेसम्ममा निर्माण सक्ने सम्झौता थप गरिएको हो । त्यो म्याद पनि सकिएको छ । यो चरणको निर्माण कार्य सकिएपछि पुनः अर्को टेण्डर मार्फत् फिनिसिङ, भवनभित्र विद्युतीकरण, रङरोगनलगायतको कामको लागि अर्को टेण्डर गर्नुपर्ने छ । टेण्डर प्रक्रिया सुरु गरेर काम सक्दासम्म १ वर्षसम्म लाग्ने शहरी विकास तथा भवन कार्यालयको अनुमान छ । हाल काम गरिरहेको कम्पनीले आफ्नो जिम्मेवारीको काम यो साता सकिने बताएको छ ।

अहिले भवनको भित्रीपाटोमा मार्बल विछ्याउने काम भइरहेको छ । कम्पनीका ठेकदार ईश्वर बस्नेतका अनुसार दुई महिनाभित्र सबै काम सकिने छ । 'हाम्रो साइडको काम ९९.८६ प्रतिशत सकिसकेको छ, सरकारले भेरिएसन अर्डर गर्न प्रक्रिया अगाडि बढाईरहेको छ ।', ठेकेदार बस्नेतले भने, 'भेरिएसन फाईनल गरेर दिएको दुई महिनाभित्र काम सकिन्छ ।', उनका अनुसार बिजुलीको काम मात्रै रहेको बताइएको छ । भवनको पहिलो चरणको काम सकिएपछि बाँकी काम गर्नको लागि अर्को टेण्डर गर्नुपर्ने हुन्छ, यसको लागि अघिल्लो निर्माण कम्पनीले आफ्नो काम सकेको पत्र अनिवार्य छ । आफूहरुलाई डेढ करोड घाटा भएको भन्दै निर्माण कम्पनीले मुद्दासमेत हालेको छ ।

६ महिनामा सक्ने लक्ष्य कम्पनीको थियो । जब काम्पनीले काम थाल्यो, शहरी विकास तथा भवन कार्यालय हेटौंडाले स्वीकृत नक्सा नै नदिएको ठेकेदार कम्पनीको दाबी छ । सम्बन्धित निकायले नै पूरा डिजाइनयुक्त नक्सा नदिएपछि आफूहरुले प्रदेशको भौतिक मन्त्रालयमै पुगेर आफैं पहुँचको प्रयोग गरेर आफैंले डिजाइन बनाएर मौखिक स्वीकृति लिएर काम सुरु गरेको उनले बताए । कागजी प्रक्रिया सकेर निर्माण कम्पनीलाई काम दिन नौ महिना लागेको बस्नेतको दाबि छ । त्यसपछि म्याद सकियो ।

लगभग निर्माण सकिएको भवनमा पनि अझै विद्युतीकरण गर्न समस्या रहेको इञ्जिनियर प्रभात मिश्र बताउँछन् । निर्माणको क्रममा विभिन्न काममा समस्या भएको भन्दै ठेकदार कम्पनीले भवन कार्यालयलाई हालसम्म ५८ वटा चिठी लेखेको तर, एउटा पनि पत्रको जवाफ र समन्वय नभएको मिश्रले बताए । निर्माण कार्य १८ महिनामा सम्पन्न हुने र सानदार नयाँ सचिवालयमा प्रदेशसभाको बैठक बस्ने आशामा पहिलो कार्यकालका सांसदहरुको कार्यकाल सकियो । हाल बाहालवाला सांसदहरु पनि नयाँ भनवनमा बैठक बस्न पाउनेमा आशावादी छन् ।

निर्माण कार्य सकिनै लागेको भएपनि बत्तिलगायतको फिनिसिङ गर्न अर्को टेण्डर गर्नुपर्छ, जुन टेण्डर गर्नको लागि अघिल्लो काम पुरा भएको पत्र अनिवार्य हुन्छ । यो काम गर्न नै करिब १ वर्ष लाग्ने अनुमान गरिएको छ । भवन कार्यालयका कर्मचारीका अनुसार निर्माण कार्य सम्पन्न हुन अझै एक वर्ष लाग्न सक्ने दावी छ । 'लगभग पहिलो चरणको निर्माण कार्य सकिएको छ । तर, दोश्रो चरणको काम फर्निचरको लागि अर्को ठेक्का आह्वान गर्नुपर्ने हुन्छ ।' उनले भने, 'डिजाईन भईसकेर हामी फाईनल प्रोसेसमा छौं अझै प्रर्णरुपमा सम्पन्न हुन एक वर्ष लाग्न सक्छ ।',

हाल प्रदेशसभा सचिवालय तत्कालीन मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको साँघुरो भवनमा सञ्चालन हुँदै आएको छ । ११० सदस्यीय प्रदेश सांसदहरु सबै उपस्थित हुँदा कुर्सी अटाउन नै हम्मेहम्मे पर्छ । यही साँघुरो बैठक कक्षबाट प्रदेशसभाले पहिलो कार्यकाल पूरा गऱ्यो । भौतिक मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन कार्यालयले ठेक्का प्रक्रिया अघि बढाएकोमा हालसम्म भवन निर्माणको काम सम्पन्न हुन नसकेको हो ।

प्रदेशसभा भवनको लगभग ९६ प्रतिशत मात्र काम सम्पन्न भएको छ । २ सय ५० जना क्षमताको निर्माणाधीन बागमती प्रदेशसभा हल तोकिएको समयमा काम सम्पन्न नभएपछि यही २०८० जेठ अन्तिमसम्ममा निर्माण पूरा गर्न समय थप गरेको थियो । यता, संसद हल नबन्दा बैठक सञ्चालन गर्न कठिन भैरहेको प्रदेशसभा सचिवालयका सचिव कृष्णहरि खड्का बताउँछन् । उनका अनुसार नयाँ भवनमा बैठक बस्न थालिएपछि खुल्ला ठाउँमा सहज वातावरण सिर्जना हुनेछ । यतिमात्रै होइन, दर्शकदीघादिखि पत्रकारसम्मका लागि सहज हुने सचिव खड्काले बताए ।

बैठककक्ष साँघुरो हुँदा सांसदलाई रोष्टमसम्म पुग्न अप्ठ्यारो हुने गरेको छ । हाल प्रयोगमा रहेको भवन पुरानो संरचनामा बनेको हुनाले यो अपाङ्गमैत्री समेत छैन । हाल रहेका ११० मध्ये १ सांसद ह्वील चियर प्रयोगकर्ता भएको थाहा पाएपछि रातारात गरेर रोस्टमसम्म ह्वील चियर पुग्ने बाटो बनाइएको छ । रामेछाप जिल्लाबाट समानुपातिक संसदमा निर्वाचित भएकी राप्रपाकी सांसद लक्ष्मी घिमिरेले नीति निर्माण गर्ने तहमै अपाङ्मैत्री संरचनाप्रति चासो नहुनुमा दुखद् भएको बताइन् ।

अहिले बन्दै गरेको भवन भने अपाङ्गमैत्री छ । सांसद घिमिरेलाई ह्विल चियर गुडाएर रोष्टमसम्म पुग्न सकस भएपछि उनले अपाङ्गमैत्री बैठककक्ष नबनेसम्म आफू रोष्टम नै नजाने घोषणा गरेकी छिन् । नेपाल सरकारले अब बन्ने सबै संरचना अपाङ्गमैत्री बनाउने कार्यबिधि पास गरेको थियो ।

# मकवानपुरका विद्यालय बन्द, सवा लाख विद्यार्थी पढ्नबाट बञ्चित

साझाकुरा संवाददाता



हेटौंडा, ४ असोज/विद्यालय शिक्षा विधेयकको विरोधमा काठमाडौंमा प्रदर्शन चलिरहँदा मकवानपुरका सामुदायिक विद्यालयहरु भने बन्द भए । विद्यालय बन्द हुँदा जिल्लाका १ लाख बढी विद्यार्थी पढ्नबाट बञ्चित भएका छन् ।

प्रतिनिधिसभामा टेबल भएको विधेयक सच्याउनुपर्ने मागसहित शिक्षकहरु बुधवारबाट राजधानीमा आन्दोलनरत् छन् । आन्दोलन बिहीवार पनि जारी रहँदा मकवानपुरमा मात्रै नभई देशभरका अधिकांश सामुदायिक विद्यालय बन्द भए । काठमाडौं केन्द्रित आन्दोलनमा मकवानपुरमा थुप्रै शिक्षकहरु ऐक्यबद्धताका लागि पुगेका छन् । जिल्लामै रहेका शिक्षकहरु पनि विद्यालय नगएको पाइएको छ ।

गतवर्ष ०७९/८० को तथ्यांकअनुसार मकवानपुरमा ५ सय ११ सामुदायिक विद्यालय छन् । जिल्लाभरका विद्यालयमा सवा १ लाख विद्यार्थी अध्ययनरत् छन् । जिल्लाभर २ हजार ८ सय शिक्षक र करिब ६ सय प्रशासनिक तथा अन्य सहायकस्तरका कर्मचारी छन् । विद्यालयका अस्थायी प्रकृतिका शिक्षकहरु स्थायी हुनुपर्ने, विद्यालय कर्मचारीको दरबन्दी सृजना, विद्यालय संरचनाबाहिर रहेका बालकक्षा शिक्षक, अस्थायी अवधि गणना तथा निवृत्तिभरण, शिक्षक बढुवा, प्रधानाध्यापक नियुक्ति, सरुवा र कार्यसम्पादन मूल्यांकनलगायतका विषयमा माग राख्दै आन्दोलन गरि रहेका छन् ।

हेटौंडा-४ स्थित श्रमिक माध्यमिक विद्यालयको गेट बन्द थियो । श्रमिकका प्रधानाध्यापक श्रीराम दाहाल आन्दोलनका लागि काठमाडौंमा छन् । हेटौंडा-९, स्थित प्रगति माध्यमिक विद्यालयमा भने केही शिक्षकहरु थिए । तर, उनीहरु पनि आन्दोलनका कारण विद्यालय बन्द गरेर घर फर्किने तयारीमा भेटिएका थिए । बिहीबार बिहान १०:३० बजे हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालय पुग्दा मूल गेट खुला र अधिकांश कक्षा कोठाहरु बन्द थिए । अमर माविमा न शिक्षक, कर्मचारी नै थिए ।

हेटौंडा-८ को चन्द्रोदय माध्यमिक विद्यालय पनि बिहीबार सुनसान थियो । विद्यालयको गेट खुला थियो भने कक्षा कोठा बन्द थिए । हेटौंडा-५ को बालज्योति माध्यमिक विद्यालयको पठनपाठन बन्द थियो । गेट खुला थियो भने केही कर्मचारीहरु भेटिए । विद्यालयका सबै कक्षा बन्द अवस्थामा थियो । हेटौंडा-४ को आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको प्राङ्गणमा शिक्षकहरु गफिँदै गरेको भेटिए । विद्यालयको प्रशासन र कक्षाकोठा सबै बन्द थिए भने मूल गेटमा एकजना सुरक्षा गार्ड तैनाथ थिए । हेटौंडा-४ भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)को गेट भित्रबाटै बन्द थियो । विद्यालयको सबै कक्षाकोठा बन्द थिए ।

# काठमाडौंमा जेष्ठ नागरिकको फोटो प्रदर्शनी हुने

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसरमा आगामी असोज १३ गते शनिबार काठमाडौंको हनुमानढोका डवलीमा ज्येष्ठ नागरिकको तस्वीर प्रदर्शनी गरिने भएको छ ।

'सबै पुस्ताका लागि जेष्ठ नागरिकको मानवअधिकार बारे बिष्वब्यापी घोषणामा गरिएका बाचाहरु पूरा गरौं' भन्ने नाराका साथ राष्ट्रिय फोटोपत्रकार समूह र एजिङ नेपालको आयोजनामा नेपालका हिमाल पहाड र तराईका जेष्ठ नागरिकको तस्वीरहरु प्रदर्शनी गरिने कार्यक्रम संयोजक गणेश बिष्टले बताए ।

प्रदर्शनीका लागि देशभरका फोटो पत्रकारले खिचेका तस्वीर पठाउन आह्वान गर्ने र प्राप्त भएका तस्वीरहरु मध्येबाट करिब १०० वटा तस्वीर प्रर्दशनी गरिने कार्यक्रम संयोजक बिष्टले बताए । हाल बिश्वमा जेष्ठ नागरिकको संख्या सबैभन्दा बढी रहेको अवस्थामा उनीहरुको सक्रिय जीवनशैलीलाई तस्वीरमा उतारेर प्रदर्शनीमा प्रस्तुत गरिनेछ । जेष्ठ नागरिकको दैनिकी, मेहनत, सफलता, पारिवारिक खुसी, संघर्ष तथा सफलता झल्कने तस्वीरहरु प्रदर्शनीमा राखिनेछ ।

प्रदर्शनीमा राखिने तस्वीरले हालको नयाँ पुस्तालाई उत्साह, उमंग र जाँगर बढाउन मद्दत गर्ने आयोजकले जनाएको छ । यस्ता तस्वीर प्रदर्शनीले देशका बिभिन्न स्थानका जेष्ठ नागरिकको अवस्था अध्ययन गर्न र उनीहरुको नैराश्यता र दुःखीपन कमगर्न सहयोग गर्ने कार्यक्रम संयोजक बिष्टले बताए ।

जेष्ठ नागरिकको हकहितका लागि कार्य गर्दै आएको संस्था एजिङ नेपाल र देशभरका फोटो पत्रकारहरुको साझा संस्था राष्ट्रिय फोटो पत्रकार समूहको आयोजनामा हुने जेष्ठ नागरिकको तस्वीर प्रदर्शनीमा आफूले खिचेका उत्कृष्ठ सन्देशमूलक तस्वीरहरु पठाउन अयोजकले सम्पूर्ण फोटो पत्रकारलाई अनुरोध गरेकोछ ।

रेष्टुरेन्ट संचालनको लागि घर भाडामा

हेटौंडा उपमहानगरपालिका तथा लोक सेवा आयोग कार्यालय अगाडि रहेको घरमा रेष्टुरेन्ट संचालनको लागि सम्पूर्ण फर्निचर तथा किचनको सामान सहितको भाडामा लिन इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क मो.नं.: ९८५१०२४८६८

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

BBS Bachelor of Business Studies
ADMISSION ONGOING

100% SCHOLARSHIP (on tuition fee) For A Achiever
25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever

Class starts from ASOJ 15

01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform

Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

साझाकुरा

## हाम्रो कुरा

# विद्यालय बन्द, वार्ता बिफल

प्रतिनिधिसभामा टेबल भएको विधेयक सच्याउनुपर्ने मागसहित देशभरका सामुदायिक विद्यालयका शिक्षकहरु बुधवारबाट राजधानीमा आन्दोलनरत् छन् । आन्दोलन बिहीवार पनि जारी रहँदा देशभरका अधिकांश सामुदायिक विद्यालय बन्द भए । काठमाडौं केन्द्रित आन्दोलनमा मकवानपुरका अधिकांश शिक्षक ऐक्यबद्धताका लागि काठमाडौं पुगेका छन् । जिल्लामै रहेका शिक्षकहरु पनि विद्यालय गएका छैनन् । नेपाल शिक्षक महासंघले सञ्चालन गरेको सडक आन्दोलनमा सहभागी काठमाडौं महानगरका सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक र कर्मचारीले सडकमै हाजिर गरेका छन् । काठमाडौं महानगरपालिकाले विद्यालय बन्द गरेर आन्दोलनमा नजान र गयल भएको पाइएमा कारबाही गर्ने चेतावनी दिएपछि शिक्षक–कर्मचारीले कानुनीरुपमा बच्ने र आन्दोलनलाई पनि साथ दिने बाटो रोजेका छन् । महासंघको नेतृत्वमा जारी आन्दोलन केवल शिक्षकको बैयक्तिक माग मात्र छैन । नेपालको शिक्षा प्रणालीलाई थप अस्तब्यस्त बनाउने र विद्यालय तह पार गर्नेबित्तिक विदेशिने प्रबृत्ति अझै बढ्ने देखिन्छ ।

गाउँपालिका वा नगरपालिकालाई शिक्षक सरुवा बढुवाको अधिकार दिंदा जनप्रतिनिधि र शिक्षकबीच राजनीतिक प्रतिशोध साँध्ने काम धेरै हुने भएकोले शिक्षा क्षेत्रमा अझै चर्को राजनीति हुनेछ । कतिपय वडाअध्यक्षले शिक्षाक्षेत्र बुझेका छन् र उनीहरुले राम्रो समन्वय गरेका छन् । तर, केही वडाअध्यक्ष आफू सामान्य साक्षर भएर पनि स्नात्तक वा स्नात्तकोत्तर गरेर वर्षौंदेखि समाजमा शिक्षा प्रदान गरिरहेको शिक्षक वा प्रधानाध्यापकलाई राजनीतिक बिचार नमिल्ने बित्तिकै पेल्ने शैलीको ब्यवहार अहिले नै देखाइरहेका छन् । विद्यालय ब्यवस्थापन समितिको अध्यक्ष भन्दा माथि वडाअध्यक्षको नाम लेख्न दवाब दिएको घटना मकवानपुरकै एक पालिकामा देखिएको छ । 'विब्यस अध्यक्ष भन्दा वडाअध्यक्ष ठूलो हुन्छ' भन्दै विब्यस बैठकको उपस्थितिमा वडाअध्यक्षको नाम विब्यस अध्यक्षको भन्दा पहिला लेख्न दवाब दिएको पाइएको छ । गाउँगाउँमा सिंहदरबार आएपछि वडातहमा निर्वाचित केही जनप्रतिनिधिले आफूलाई राजा नै सम्झन थालेको यस्ता उदाहरण छन् । त्यसैले शिक्षकले आन्दोलन थालेका हुन् । महानगरका प्रधानाध्यापकको संयुक्त बैठकले आन्दोलनमा सहभागी हुने र सडकमै हाजिर गर्ने निर्णय गरेका छन् । उनीहरुले आन्दोलनका कारण क्षति भएको पढाइ अतिरिक्त कक्षाहरुबाट पूर्ति गर्ने पनि प्रतिबद्धता ब्यक्त गरेका छन् । विद्यालय शिक्षासम्बन्धी विधेयकमा भएका पेसागत सवालमा असन्तुष्टि जनाउँदै महासंघले असोज ३ गतेदेखि काठमाडौं केन्द्रित सडक आन्दोलन थालेको हो । महासंघले अस्थायी प्रकृतिका शिक्षकको स्थायित्व, विद्यालय कर्मचारीको दरबन्दी सिर्जना, विद्यालय संरचनाबाहिर रहेका बालकक्षा शिक्षक, अस्थायी अवधि गणना तथा निवृत्तिभरण, शिक्षक बढुवा, प्रधानाध्यापक नियुक्ति, सरुवा र कार्यसम्पादन मूल्याङ्कनलगायतका विषयमा सम्बोधन माग गर्दै आएको छ ।

विद्यालय शिक्षा विधेयकको विरोधमा काठमाडौंमा प्रदर्शन चलिरहँदा मकवानपुरसहित देशभरका सामुदायिक विद्यालयहरु भने बन्द भए । विद्यालय बन्द हुँदा लाखौं विद्यार्थी अध्ययनबाट बञ्चित भएका छन् । आन्दोलनरत शिक्षकको मागको विषयमा बिहीबार साँझ गृहमन्त्रालयमा वार्ता सुरु भएपनि वार्ता टुङ्गोमा पुग्न सकेन । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक राई, अर्थमन्त्री डा. प्रकाशशरण महत र कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङसँग शिक्षक महासंघका प्रतिनिधिले वार्ता गरेका हुन् । स्रोतका अनुसार साँझ भएको वार्ता निष्कर्षबिना नै रोकिएको छ । शिक्षकको सरुवा, बढुवा र कारबाहीको व्यवस्था स्थानीय तहलाई दिन नहुने, शिक्षकलाई ट्रेडयुनियन अधिकार दिनुपर्नेजस्ता राजनीतिक र सेवा सुविधासँग सम्बन्धित गरी १७ बुँदे माग राखेर शिक्षक महासंघले बुधबारदेखि काठमाडौं केन्द्रित आन्दोलन गरिरहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज ६ गते शनिबार २३ सेप्टेम्बर २०२३ । अष्ठमी, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५३, सूर्यास्त ५:५८ । अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवस काय अष्टमी । अदु:ख नवमी । गोरखकाली पूजा । अष्टमीब्रत । सामाजिक सेवा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : धार्मिक काममा रुचि बढ्नेछ | **तुला** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **वृष** | : काममा एकरुपता आउनेछ | **वृश्चिक** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **मिथुन** | : यात्राबाट लाभ हुनेछ | **धनु** | : काममा प्रगति हुनेछ |
| **कर्कट** | : धनको समस्या पार लाग्नेछ | **मकर** | : व्यापारमा लाभ हुनेछ |
| **सिंह** | : दिन राम्रोसँग बित्नेछ | **कुम्भ** | : परीक्षामा सफलता मिल्नेछ |
| **कन्या** | : चोट लाग्ने सम्भावना देखिन्छ | **मीन** | : पढाइमा रुचि बढ्नेछ |

# शिक्षक आन्दोलनलाई ऐक्यबद्धता र अनुरोध



डा. अतीन्द्र दाहाल



हालसालै सदनमा प्रस्तुत भएको शिक्षा विधेयकमाथि गम्भीर असहमति राख्दै देशव्यापी रूपमा शिक्षकहरू आन्दोलित छन् । एक/दुई कुरामा अतिरिक्त व्याख्या एवं स्वयं शिक्षकहरूबाट समेत केही प्रतिबद्धता जाहेर गर्नुपर्ने ठाउँ बाहेक कसैले पनि शिक्षकको आन्दोलनमा ऐक्यबद्धता र सहभागिता नजनाउनुपर्ने कुनै पनि कारण छैन ।

प्रस्तावित विधेयकमा आम शिक्षकका तर्फबाट लगभग २० वटा असहमति राखिएको र संशोधन माग गरिएको देखिन्छ । शिक्षकहरू भित्रै पनि बाल विकास, राहत, निजी स्रोत तथा अस्थायी लगायत विभिन्न एक दर्जन विभेदकारी प्रकार विद्यमान छन् ।

यी समस्याप्रति नि:सन्देह रहँदै विधेयकले शिक्षकको प्राज्ञिक स्वतन्त्रता र पेशागत उन्नयनलाई असर पर्ने गरी नयाँ प्रावधान थपेको देखिन्छ । शिक्षकलाई बन्धक होइन, बौद्धिक बन्न सहयोग गर्नुपर्छ, सहजीकरण गर्नुपर्छ भन्ने मान्न सरकार अहिले पनि तयार देखिदैन । जसले शिक्षा विधेयकको मस्यौदा तयार गरे, उनीहरू अधिकांश शिक्षकका पीडा र असहजता बारे जानकार छैनन्, भए पनि त्यसलाई सुधार गर्नुपर्छ भन्ने मान्दैनन् ।

अझ संविधान दिवसकै दिनबाट आन्दोलन गरेको कारण सम्पूर्ण शिक्षकहरूलाई यो संविधान तथा व्यवस्थाको विरोधी भनेर लाञ्छना लगाउन समेत पछि पर्दैनन् । यसरी गलत प्रचार गर्ने समूह पनि सामाजिक सञ्जालमा निकै सक्रिय छ ।

निजामती सेवाका कर्मचारीले हरेक ठाउँमा आफ्नो परिचय दिंदा 'म राष्ट्रसेवक' भनेर आत्मरति पोख्छन् । तर उनीहरूले प्रदान गर्ने सेवामा आम सेवाग्राहीको कस्तो रेस्पोन्स छ भन्नेमा सायद उनीहरूलाई ज्ञात छैन होला ।

के साँच्चै सेवाग्राहीले उनीहरूलाई सेवक अथवा सहयोगी नै मानेका छन् त ? जब सेवाग्राहीले आफ्नो सेवाप्रवाह वा कार्यसम्पादन माथि सकारात्मक विचार वा निष्कर्ष निकाल्दैनन् तब आफैंले स्वप्रशंसाको पुलिन्दा बोक्नुपर्ने विलासी बाध्यता आइपर्छ ।

यो समूहको अवस्था त्यही हो । राज्यकोषको दोहन यति गरिएको छ कि बैठक, खाजा, अफिसका लागि मसलन्द तथा स्टेशनरी, सवारी लगायत सबै खर्च सकेसम्म लिन्छन् । कतै जानु परेमा भ्रमण काज र भत्ता लिन्छन् ।

तर यी सबै कुरा शिक्षकहरूको सवालमा एकादेशको सपना जस्तै छ । सरकारले शिक्षक सेवालाई बहुपक्षीय विभेद गरेको छ । यसको अन्त्य हुनुपर्छ । प्राज्ञिक स्वतन्त्रतामाथि राजनीतिक हस्तक्षेप र भागबन्डा मार्फत राजनीतिक अभीष्ट पूरा गर्ने प्रयोगशाला बनिरहेको छ शिक्षा क्षेत्र ।

सधैं अरूलाई बोल्न सिकाउने शिक्षकहरूलाई आज आफैं बोल्नुपर्ने बाध्यता छ । यो आवाज अझै बुलन्द हुनुपर्छ । थुप्रै पेशागत विकास र अभिवृद्धिका मागसँगै स्थानीय निकायको मातहतमा बस्न अनिच्छा तथा अरुचिमाथि पनि बहस पेचिलो बन्दैछ ।

संविधानले अधिकारसम्पन्न स्थानीय निकायको नीति अवलम्बन गरेको छ । आम नागरिकले आफ्नो जीवनकालमा सरकारबाट लिनुपर्ने सेवाको लगभग ७० प्रतिशत सेवा स्थानीय निकायबाट लिनुपर्ने देखिन्छ । एउटा सामान्य नागरिक जीवनकालमा एक/दुई पटक रहर वा बाध्यताले प्रदेश अनि संघीय राजधानी आउनुपर्ला । तर हरेक सामान्य नागरिक समेत हरेक वर्ष विभिन्न कामले दर्जनौं पटक स्थानीय निकाय पुग्नुपर्छ ।

एशिया फाउन्डेशनको नेपालमा स्थानीय सुशासन सम्बन्धी एक प्रतिवेदन अनुसार पनि स्थानीय निकाय जनतालाई प्रत्यक्ष रूपले सहयोग गर्नुपर्ने ठाउँ हो जसले नागरिकलाई बढी राहत दिन्छ । अधिकांश नागरिकले प्रदेश अथवा संघ तहका नेता नचिनेको पनि हुनसक्छ, उनीहरूका बारेमा कुनै धारणा नै नबनाएको पनि हुनसक्छ । जनताले राजनीतिमाथि समस्त विचार निर्माण गर्ने भनेको चाहिं दिनहुँ आफूहरूले सम्पर्क राख्नुपर्ने स्थानीय निकायका कार्यसम्पादन, सहयोग र सक्षमताबाट नै हो ।

त्यसैले नागरिक पनि राष्ट्रिय भन्दा स्थानीय निर्वाचनलाई बढी प्राथमिकता दिन्छन् । विभिन्न अनुसन्धानले राष्ट्रियभन्दा स्थानीय चुनावमा नागरिकको चासो र सहभागिता २० देखि ३० प्रतिशत बढी हुने गरेको देखाउँछ ।

संघीयता मार्फत स्थानीय निकायमा अधिकतम अधिकार प्रत्यायोजन गर्दैगर्दा योग्यतम मानव स्रोतसाधन खटिनुपर्ने हुन्छ । त्यहाँको राजनीतिक नेतृत्व समान अथवा त्योभन्दा उच्च तहको योग्यता, विज्ञता, क्षमता अनि स्वीकार्यताको भएमा मात्र यस्तो टकरावको समस्या समाधान हुन्छ ।

शिक्षकहरूले हामी स्थानीय निकाय अन्तर्गत बस्दैनौं अथवा संघ अन्तर्गत मात्रै र हन्छौं भन्नुको अर्थ अहिलेको स्थानीय राजनीतिक नेतृत्व शिक्षकहरूको सम्मान गर्न, मूल्य बुझ्न, सहजीकरण गर्न योग्य छैन भन्ने होइन र ? कम योग्यबाट हामी नियमन हुन चाहँदैनौं भन्नु पनि होइन र ?

राजपत्रांकित प्रथम अथवा विशिष्ट श्रेणीसम्मको पदसोपान कायम भएको शिक्षकलाई नियमन गर्ने नेतृत्व कतिपय ठाउँमा त श्रेणीविहीन कर्मचारी हुन आवश्यक पर्ने योग्यता र दक्षता पनि नभएको अवस्था माथिको असन्तुष्टि होइन र ? आत्मसम्मान र प्रतिष्ठाको प्रश्न होइन र ?

स्थानीय नेतृत्वको छनोट गर्ने दलको परम्परा र प्रणाली माथि पनि चुनौती होइन र ? आफू बराबर अथवा आफूभन्दा उच्च तहको नेतृत्व भएमा मात्र स्वीकार्छौं भनेको होइन र ? यदि त्यस्तो विश्वासिलो, काबिल र योग्य नेतृत्व भएमा गुनासाहरू आफ्नै ठाउँमा नै सम्बोधन हुने कुरामा आम शिक्षकको सायदै असहमति हुन्छ होला ।

शिक्षकहरूले संघीयताको विरोध अथवा केन्द्रीकृत व्यवस्थाको वकालत गर्न खोजेको अवश्य पनि हैन । स्थानीय निकायका नेतृत्व हामीलाई नियमन गर्न योग्य छैनन् भनेको चाहिं पक्कै हो । अब्बल, काबिल, योग्य, विज्ञ र दक्ष नेतृत्व चाहियो भनेको निश्चय नै हो । यी सबै मागसँगै शिक्षक आन्दोलनमा अब केही नयाँ कुराहरू पनि थपिनुपर्छ । राजनीतिक नेता, सरकारी कर्मचारी तथा राज्यकोषबाट लाभ लिने सबै व्यक्ति र उनीहरूका सन्ततिले शिक्षा र स्वास्थ्य सरकारीमा मात्रै लिन पाउने माग उठोस् ।

यसो गर्न अनिच्छा जाहेर गरे सेवाबाट राजीनामा दिनुपर्ने कानुन बनाउन आवाज निस्कियोस् । यसो नगर्ने राजनीतिक नेतृत्वले सजाय भोग्नुपर्ने माग होस् । राज्यलाई क्षतिपूर्ति दिनुपर्ने नियम मागियोस् । आफू सरकारी सेवा र राजनीति गर्ने अनि शिक्षा र स्वास्थ्य चाहिं निजीलाई पोस्ने कार्य राज्यद्रोह मान्नुपर्ने माग गरियोस् ।

आफ्ना छोराछोरी विदेश पठाउने नेताले देशको लागि र निजी विद्यालयमा आफ्ना सन्तति पढाउने कर्मचारीले सरकारी शिक्षाको लागि केही काम नगर्ने मात्र हैन, सकेसम्म सिध्याउन नै पहल गर्छन् । यो राज्य विरुद्धको जघन्य अपराध हो ।

माथि भनिएको अवस्था सुनिश्चित भएमा राजनीतिक नेतृत्व र राज्यको हरेक सेवामा रहेका सबैको सरकारी शिक्षामाथि चासो बढ्छ । त्यसलाई सम्मानित बनाउन, सुविधासम्पन्न पार्न र सबल बनाउन हरदम प्रयास गर्नेछन् । आफ्नै छोराछोरीको भविष्य अन्धकार देखेपछि त्यो ठाउँ सुधार्ने बाध्यता हुन्छ ।

शिक्षकहरूबाट पनि दलका झोला नबोक्ने, प्राज्ञिक बहस मात्र गर्ने, पेशागत हकहितका कुरामाथि राजनीतिक रंग नभर्ने प्रतिबद्धता आओस् । हिजो तिनै नेताका जस्तासुकै नारा र पारामा होमा हो गरेर हिंडेकाले हामीले जे भने पनि शिक्षकले मान्छन् भन्ने आत्मविश्वास नेताहरूमा पलाएको हो । शिक्षकहरूमाथि हामी हैकम जमाउन सक्छौं भन्ने मानसिकता निर्माण भएको हो । हामी शिक्षक हौं, विद्यार्थीलाई अब्बल बनाएर समाजको सेवा गर्ने मात्र हाम्रो जिम्मेवारी हो भन्ने बुझौं । भोट दिने दिन आफूलाई मन लागेको दललाई भोट हालौं अरू दिन राजनीतिलाई पूरै फालौं ।

दल र नेतालाई आफ्नो पक्षमा काम गर्ने रुचि सँगसँगै आम नागरिकलाई मनैदेखि शिक्षकको पक्षमा उभिने वातावरण तयार गरौं । नेताकै स्वार्थ पूरा गर्न र प्यारो बन्ने स्पेस खोज्नचाहिं आन्दोलनलाई दुरुपयोग हुन नदिऔं ।

सरकारलाई झुकाउन मात्र हैन, बाँकी समाज र कर्मचारीतन्त्रलाई शिक्षकमाथि राख्ने हेयको दृष्टिकोण परिवर्तन गराउन पनि यो एकता, आवाज अझै बुलन्द बन्नुपर्छ, अझै परिष्कृत हुनुपर्छ । सरकारले शिक्षकलाई नसुनेमा नागरिकले सरकारलाई देखाइदिने गरी सम्बन्ध र विश्वास निर्माण गरौं । शिक्षक आन्दोलनमा शर्तरहित ऐक्यबद्धता ।

*(साभार: अनलाइनखबर)*

# बढ्दो बेरोजगारी, थपिँदो चुनौती

मीना मरासिनी



काम गर्ने इच्छा, क्षमता तथा योग्यता भएर पनि कुनै आयमूलक पेसा व्यवसायमा संलग्न हुन नपाउनु बेरोजगारी हो । सक्रिय जनशक्ति रोजगारविहीन हुनु मुलुकको विकास तथा प्रगतिमा बाधक मात्र होइन, राष्ट्रिय अर्थतन्त्रका लागि टाउको दुखाइको विषय हो । वास्तवमा गरिबीको कारण र परिणाम दुवै हो, बेरोजगारी । त्यसैले बेरोजगारी, न्यून आय, न्यून बचत र गरिबी बीचको दुश्चक्र निरन्तर चलिरहन्छ । उच्च बेरोजगारी दर तथा सक्रिय जनशक्ति पलायनले मुलुकका विकास लक्ष्यहरू प्राप्तिमा चुनौतीसमेत खडा गरिरहेका छन् ।

तेस्रो नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार देशमा श्रमक्षेत्रमा सक्रिय हुन सक्ने करिब ८० लाख मानिसमध्ये ९ लाख ८ हजार जना बेरोजगार छन् । अर्थात् काम गर्न सक्ने उमेरका हरेक सयमध्ये ११ जनाभन्दा धेरै आर्थिक रूपमा निष्क्रिय भएर बस्नुपरिरहेको छ । यस्तो बेरोजगारी दर महिलामा १३.१ प्रतिशत र पुरुषमा ११.३ प्रतिशत छ । अझ १५ वर्षभन्दा माथिको उमेरका कुल जनसंख्यामध्ये केवल ३४.३ प्रतिशत मानिस मात्र रोजगारीमा छन्, जसमा पुरुष रोजगारी सहभागिता ४८.३ रहँदा महिलाको केवल २२.९ प्रतिशत छ । देशमा हरेक सय महिलामा ७७ जना बेरोजगार रहेको यो तथ्यांक वास्तवमै दयनीय हो । कोभिड महामारीअघिको यो तथ्यांकमा महामारीपछिको आर्थिक शिथिलताले ठूलो फेरबदल ल्याइसकेको छ । कोभिड महामारीका बेला नेपालमा करिब १५ लाखले रोजगारी गुमाएको विभिन्न अध्ययनले देखाएका छन् । कोभिडले अर्थतन्त्रमा पारेको प्रभावबारे नेपाल राष्ट्र बैंकले गरेको सर्भेक्षण अनुसार लकडाउनमा उद्योग प्रतिष्ठानहरूले औसतमा २२.५ प्रतिशत श्रमिक तथा १८.२ प्रतिशत तलब कटौती गरेका थिए ।

होटल तथा रेस्टुरेन्टले त त्यस अवधिमा ४० प्रतिशतसम्म श्रमिक कटौती गरेका थिए । देशको अर्थतन्त्रमा अझै सुधार नभइसकेकाले त्यसयता बेरोजगारी दर झनै बढिरहेको सहजै अनुमान गर्न सकिन्छ । विकसित मुलुकमा नयाँ रोजगारी वृद्धि तथा बेरोजगारको संख्या हरेक महिना तथा त्रैमासिक रूपमा अध्ययन तथा सर्भेक्षण भई सार्वजनिक हुने भए पनि हाम्रो देशमा यस्तो तथ्यांकका लागि एक दशकमा हुने श्रमशक्ति सर्भेक्षण कुर्नुपर्ने बाध्यता छ ।

नेपालमा हरेक वर्ष ५ लाखभन्दा धेरै युवा जनशक्ति श्रम बजारमा प्रवेश गर्छन् । तर न्यून रोजगारी वृद्धिदर र स्वदेशी बजारले श्रमशक्ति खपत नगर्दा दिनहुँ करिब २ हजार अर्थात् महिनामा करिब ६० हजार युवा वैदेशिक रोजगारीका लागि देश छाड्न बाध्य छन् । वैदेशिक रोजगार विभागका अनुसार गत आर्थिक वर्षमा साढे ७ लाखभन्दा धेरैले विदेश जान श्रम स्वीकृति लिएका थिए । गत वर्षको फागुनमा त एकै महिनामा ६१ हजार ८ सय ४५ जना वैदेशिक रोजगारीमा गएका थिए । श्रममूलक गन्तव्यका अलावा अध्ययन तथा रोजगारीलाई सँगै लैजाने उद्देश्यसहित पश्चिमा मुलुक जाने किशोरकिशोरी तथा युवायुवतीको लर्को पनि सानो छैन । अर्थात् देशको रोजगार बजारले सक्रिय श्रमशक्ति तथा बौद्धिक प्रतिभालाई खपत र आकर्षित गर्न नसक्दा बौद्धिक पलायन र श्रम पलायन चरम अवस्थामा पुगेको छ । उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थीको संख्या अत्यधिक भएसँगै देशभरका ५ सय ३९ वटा क्याम्पस बन्द हुने अवस्थामा पुगेको समाचार गत असारमा सार्वजनिक भएको थियो । शिक्षा मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा १ लाख १० हजारभन्दा धेरै विद्यार्थीले विदेश पढ्न जानका लागि 'नो अब्जेक्सन' प्रमाणपत्र लिएका थिए । रोचक त के छ भने नेपाली विद्यार्थी पढ्नका लागि भन्दै विश्वका विभिन्न १ सय ११ वटा मुलुकमा जाने गरेका छन् । यसबाट वार्षिक १ खर्बभन्दा धेरै रकम बाहिरिने गरेको तथ्यांक छ, जुन अर्थतन्त्रका लागि पनि प्रत्युत्पादक बनिरहेको छ ।

विश्व बैंकका अनुसार नेपालको बेरोजगारी स्थिति दक्षिण एसियामै सबैभन्दा उच्च छ । आर्थिक वृद्धि तथा रोजगारी सृजनाका लागि सरकारले लिएका आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम तथा क्षेत्रगत नीति तथा योजनाहरूका लक्ष्य सफल हुन सकिरहेका छैनन् । बौद्धिक जनशक्ति पलायनको डरलाग्दो अवस्था तत्कालै रोकिने देखिँदैन । कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थी जसरी पनि पढ्ने निहुँमा विदेश भासिन लालायित देखिन्छन् । भविष्यमा आफ्नो योग्यता सुहाउँदो र गुणस्तरीय जीवनयापनका लागि पर्याप्त आयसहितको रोजगारी देशभित्रै पाइन्छ भन्ने कुनै आशा गर्न नसकेका किशोरकिशोरी अब नेपालमै पढेर शिक्षित बेरोजगार बन्न चाहँदैनन् । सूचना प्रविधिको तीव्रतर विकास र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ले मानवीय क्षमतामाथि नै धावा बोलिरहेको अहिलेको चलायमान समयमा हाम्रो मुलुकको राजनीति, शिक्षा, रोजगार बजार तथा अर्थतन्त्रले बिजुली गतिका नयाँ पुस्तालाई सपनाको आकाशमा उडान भर्नबाट रोक्न सक्ने कुनै छाँट छैन । उनीहरूको प्रमुख उद्देश्य अध्ययनसँगै रोजगारी पनि हो । अनि त्यसरी बाहिरिएका विद्यार्थी भविष्यमा नेपाल फर्किने वा तत्काल आफ्नो आयको रकम नेपाल पठाउने सम्भावना नगण्य हुने गर्छ ।

हरेक वर्ष देशको श्रम बजारमा थपिने ५ लाख जनशक्तिमध्ये औपचारिक रोजगारीको क्षेत्रमा ५ प्रतिशतभन्दा पनि कम खपत हुने अवस्था छ । बाँकी ९५ प्रतिशत रोजगारीका लागि बिदेसिनु बाध्यता बनिरहेको छ । यसमा बिदेसिने विद्यार्थीको संख्यासमेत जोड्दा वार्षिक ८ लाख पुग्छ । यहीं रोजगारी पाउनेमध्ये पनि अर्धबेरोजगार धेरै छन् । अधिकांश पूर्णकालीन रोजगारी गर्नेहरूको न्यूनतम पारिश्रमिक परिवारको रोजीरोटी र बालबच्चाको शिक्षादीक्षा खर्च धान्न पर्याप्त छैन । रोजगारीका औपचारिक र व्यावसायिक क्षेत्रहरूको संकुचन र सीमितताका कारण बेरोजगारमध्ये धेरैजसो महिला नै छन् । यसर्थ बेरोजगारीले महिलाको क्षमतालाई खुम्च्याइ रहेको पनि मान्न सकिन्छ ।

श्रम बजारमा भित्रिनेभन्दा बिदेसिने जनशक्तिको संख्या अत्यासलाग्दो गरी बढी हुनु निकै भयानक संकेत हो । यसले मुलुक बिस्तारै युवा जनशक्तिविहीन बन्दै अन्धकार भविष्यतर्फ उन्मुख भैरहेको छ । बेरोजगारीले उर्वर युवाशक्ति विदेश पलायन हुँदा देशको अर्थतन्त्र र समग्र विकासमा दीर्घकालीन असर पुऱ्याएको छ भने अर्थतन्त्रलाई पनि परनिर्भर बनाउँदै लगेको छ । श्रमशक्ति पलायनले औद्योगिक उत्पादन पनि खस्केको छ । आयात बढेर व्यापार घाटा पनि चुलिँदै छ ।

युवा बिदेसिँदा परिवार, समाज तथा देशकै भविष्यमा प्रश्नचिह्न खडा हुनु स्वाभाविकै हो । युवाको श्रम, सीप, जोस र जाँगरको सही प्रयोग हुन सके देशविकासमा धेरै समय लाग्दैन । तर राज्यले यसलाई बुझ्न नसके युवा जोस आक्रोश र अपराधमा बदलिन पनि बेर लाग्दैन । बढ्दो बेरोजगारीले समाजमा द्वन्द्व र अपराधलाई झनै बढाउनेछ । उनीहरूको व्यवस्थापन हुन नसके मुलुकको शान्ति, स्थायित्व र प्रगतिमा पनि चुनौती थपिनेछ ।

*(साभार: ई-कान्तिपुर)*

श्रमक्षेत्रमा सक्रिय हुन सक्ने करिब ८० लाखमध्ये ९ लाख ८ हजार जना बेरोजगार छन् अर्थात् काम गर्न सक्ने उमेरका हरेक सयमध्ये ११ जनाभन्दा धेरै आर्थिक रूपमा निष्क्रिय भएर बस्नुपरिरहेको छ ।

# स्थानीय तह मातहत बस्न तयार छैनन् शिक्षक

काठमाडौं/विद्यालय बन्द गरेर सडकमा आएका शिक्षकहरुसँग सरकारले संवाद थालेको छ । तर बिहीबार साँझसम्म कुनै सहमति जुटेको छैन ।

बिहान उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र शिक्षामन्त्री अशोककुमार राईले आन्दोलनको अगुवाइ गरिरहेको नेपाल शिक्षक संघका पदाधिकारीहरुसँग संवाद गरेका थिए, साँझ अर्थमन्त्री प्रकाशशरण महत र कानुनमन्त्री धनराज गुरूङ समेत छलफलमा सहभागी भए ।



छलफल सकारात्मक भएको र भोलि शुक्रबार बिहान ८ बजे औपचारिक वार्ता बस्ने नेपाल राष्ट्रिय शिक्षक संघका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताए ।

उनका अनुसार शिक्षकहरु सहमति नभएसम्म आन्दोलन छाडेर कक्षाकोठामा फर्किन तयार छैनन् । स्थानीय सरकारहरुले भने पठनपाठन सञ्चालन नगरे कारबाही गर्ने चेतावनी दिन थालेका छन् । पठनपाठनमा अवरोध गरे कानुन अनुसार कारबाही गर्ने चेतावनी दिएको काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले बिहीबार अनुगमन टोली नै खटाएर अनुपस्थित शिक्षकहरुको लगत संकलन गरेका छन् ।

धादिङको गल्छी नगर पालिकाले सूचना निकालेर भोलि शुक्रबारदेखि अनिवार्य रुपमा पठनपाठन सञ्चालन गर्न अनुरोध गरेको छ । अरु स्थानीय सरकारले पनि शिक्षकको जायज मागमा समर्थन रहेपनि विद्यालय बन्द नगर्न आग्रह गरेका छन् । आन्दोलनरत शिक्षकहरुले कारबाही गरेर देखाउन स्थानीय सरकारहरुलाई चुनौती दिएका छन् र माग पूरा नभएसम्म नफर्किने अडान लिएका छन् ।

**विवादको चुरो**

विद्यालय शिक्षा विधेयकको विरोधमा आन्दोलनरत शिक्षकहरुको छाता संगठन नेपाल शिक्षक महासंघले १७ बुँदे माग अघि सारेको छ । कतिपय माग पेशागत हकहितका छन्, जसलाई सम्बोधन गर्न सरकार पनि सकारात्मक छ मुख्य विवाद चाहिं स्थानीय सरकारलाई दिइएको अधिकारसँग जोडिएको छ ।

**बिहीबार गृह मन्त्रालयमा भएको छलफल**

संसदमा दर्ता भएको विधेयकमा शिक्षकहरुको सरुवा, बढुवा, कार्यसम्पादन मूल्यांकन कारबाहीको अधिकार स्थानीय तहमा हुने उल्लेख गरिएको छ । शिक्षा विधेयकको दफा ४८ मा भनिएको छ, 'आयोगबाट शिक्षक सेवाको पदमा सिफारिस भई आएका व्यक्तिलाई गाउँ वा नगर कार्यपालिकाले नियुक्त गर्नुपर्नेछ ।'

स्थानीय तहले मातहतका सार्वजनिक विद्यालयका शिक्षकहरुको सरुवा गर्न सक्नेछ । साथै एक स्थानीय तहबाट अर्कोमा सरुवा गर्न चाहेमा सहमति लिनुपर्छ । विधेयकले शिक्षकहरुलाई कारबाही गर्ने अधिकार समेत स्थानीय तहलाई नै दिएको छ ।

विधेयकको दफा ८४ अनुसार पदीय मर्यादा अनुकूल कार्य नगरेमा, परीक्षा र पठनपाठन सम्बन्धी काममा लापरवाही वा ढिलासस्ती गरेमा, विद्यार्थीलाई शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले चेतावनी दिनसक्नेछ । उचित र पर्याप्त कारण भएमा आयोगसँग परामर्श लिएर ५ वर्षसम्म तलब वृद्धि वा बढुवा रोक्का गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई दिइएको छ ।

विद्यालय शिक्षा विधेयकको यही व्यवस्थामा आन्दोलनरत शिक्षकहरुको चर्को विरोध छ । शिक्षक महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदी भन्छन्, 'शिक्षकको नियुक्ति, अनुगमन तथा कार्यसम्पादन मूल्यांकन, विभागीय कारबाही सबै स्थानीय तहलाई दिइएको छ । पञ्चायतकालमा पनि सबै अधिकार एउटै निकायमा थिएन ।'

शिक्षा ऐन २०२८ मा शिक्षकहरुको नियुक्ति तथा सरुवा जिल्ला शिक्षा कार्यालयले गर्थ्यो भने बढुवा तथा विभागीय कारबाही क्षेत्रीय शिक्षा निर्देशनालय/शिक्षा विभागले गर्ने व्यवस्था गरिएको थियो ।

नयाँ संविधान अनुसार २०७४ मा भएको चुनावबाट ७५३ स्थानीय तहमा जनप्रतिनिधिहरु आए । संविधानले माध्यमिक तहसम्मका शिक्षाको जिम्मा स्थानीय तहलाई दिएका कारण जनप्रतिनिधिहरुले विद्यालयहरुको अनुगमन गर्न थाले, सरुवामा चासो देखाए ।

शिक्षकहरु भने स्थानीय जनप्रतिनिधिले राजनीतिक पूर्वाग्रहका आधारमा जथाभावी सरुवा गरेको आरोप लगाउँछन् । एकीकृत अखिल नेपाल शिक्षक संगठनका अध्यक्ष शंकर अधिकारी भन्छन्, 'मेयरलाई नमस्कार नगरेकै कारण शिक्षकहरुको मनलाग्दी सरुवा भएको छ ।'

दुई स्थानीय तहको प्रमुख मिलेर दु:ख दिनकै लागि अपायकमा सरुवा गरेको उनीहरुको गुनासो छ । 'नियुक्ति, अनुगमन र कारबाहीको अधिकार एउटै निकायलाई दिनु सन्तुलनको नियमअनुसार पनि भएन', अधिकारी भन्छन्, 'नियुक्ति र अनुगमन स्थानीय तहले गरोस्, कारबाहीको अधिकार चाहिं प्रदेशलाई दिए हुन्छ ।'

यसो नगर्ने हो भने स्थानीय जनप्रतिनिधिहरुले दिउँसो शिक्षकहरुले राजनीति गर्न हुँदैन भनेर भाषण गर्दै हिंड्ने, राति चाहिं मेरो पार्टीको सदस्यता लिन्छौ कि लिन्नौ भनेर धम्क्याउने अवस्था आउने शिक्षकहरुको तर्क छ ।

'हरेकले हरेकलाई चिनेको हुन्छ । शिक्षकले कता भोट हाल्छ भन्ने पनि थाहा हुन्छ', महासंघका महासचिव सुवेदी भन्छन्, 'भोट नदिएकै कारण राजनीतिक आग्रह पूर्वाग्रह राखेर शिक्षकहरुमाथि व्यवहार हुन्छ ।'

स्थानीय जनप्रतिनिधिहरु भने यो आरोप स्वीकार गर्दैनन् । घोराही उपमहानगरपालिका, दाङका मेयर नरुलाल चौधरी स्थानीय सरकारहरुले कानुन बनाएर काम गरिरहेकाले आग्रह पूर्वाग्रह राखेर कारबाही गर्न नसक्ने बताउँछन् ।

नगरपालिका संघका महासचिव समेत रहेका मेयर चौधरी भन्छन्, 'काम नगर्ने, नपढाउने, पूरै समय स्कुलमा नबस्नेलाई त्यस्तो हुनसक्छ । अनुशासित भएर काम गर्ने हो भने जुनसुकै सरकार मातहतमा राखे पनि फरक पर्दैन ।'

संविधानले नै कक्षा १२ सम्मको शिक्षाको व्यवस्थापन, नियमन र नियन्त्रण गर्ने अधिकार स्थानीय तहलाई दिएकाले आफूहरुले कानुन बनाएर नै काम गरिरहेको चौधरी बताउँछन् । उनले अगाडि भने, 'हामीले गल्ती गर्छौं, कारबाही नहोस् भन्ने हो भन्न मिल्दैन ।'

आन्दोलनरत शिक्षकहरुमध्ये कतिपयले त स्थानीय तहका जनप्रतिनिधिहरुको योग्यतामाथि नै प्रश्न उठाएका छन् । विधेयकले माध्यमिक तहको शिक्षकका लागि स्नातकोत्तर पास हुनुपर्ने व्यवस्था गरेको छ । उनीहरुलाई कारबाही गर्ने जनप्रतिनिधिको भने शैक्षिक योग्यता नतोकिएको उनीहरु बताउँछन् ।

माइतीघरमण्डलमा भएको प्रदर्शनमा भेटिएका कञ्चनरुप नगर पालिका, सप्तरीको महेन्द्र जनता माविमा शिक्षक रमेशप्रसाद तिमिल्सिना भन्छन्, 'स्नातकोत्तर तहको शिक्षकलाई बर्खास्त गर्ने जनप्रतिनिधिको शैक्षिक स्तर चाहिं कुन तहको हुनुपर्छ होला ।'

शिक्षा क्षेत्रमा काम गरेकाहरु भने शिक्षकहरु स्थानीय सरकारका मातहतमा रहन नचाहनुमा थोरबहुत स्थानीय जनप्रतिनिधिको कार्यशैली पनि जिम्मेवार रहेको मान्छन् । '५/६ वर्षको अभ्यासमा शिक्षकको क्षमता विकासभन्दा बढी शासकीय प्रवृत्ति देखायो । छलफल, परामर्शबाट नियमन गर्नेभन्दा रातो लगाउने, कडाइ गर्ने आदेशात्मक शैली अपनाए', एक अधिकारी भन्छन्, 'यो विधेयक हुबहु पास हुने हो भने थप चेपुवामा पर्छौं भन्ने उहाँहरुलाई लागेको छ ।'

त्योभन्दा बढी चाहिं आफ्नो भोलिको राजनीतिक सम्भावना टर्ने जोखिमले बढी काम गरेको छ ।

अहिले राष्ट्रिय स्वतन्त्र पार्टी बाहेक सबैजसो दलको शिक्षक संगठन छ । यस्ता संगठनमा आवद्ध शिक्षकहरु दललाई जनतासँग जोड्ने बलियो माध्यम हुन् । शिक्षकहरु पनि पार्टीका लागि आफूले योगदान गरेको छु, भोलि शिक्षण पेशाबाट अवकास दिएपछि दलबाट लाभ पाउनु आफ्नो अधिकार भएको मान्छन् । अहिले पनि स्थानीय तहमा थुप्रै पूर्व शिक्षकहरु छन्, स्थानीय तहमा अवसर नपाएकाहरु पार्टीको तल्लो कमिटीमा बसेर काम गरेका छन् ।

तर विद्यालय शिक्षा विधेयकले शिक्षक महासंघलाई शिक्षकहरुको हकहितमा काम गर्ने गैरराजनीतिक र व्यावसायिक संस्थाका रुपमा रहने व्यवस्था गरेको छ र, शिक्षकले दल वा दलसँग आवद्ध संगठनको सदस्यता लिन, राजनीतिक गतिविधि गर्न तथा कुनै प्रकारको राजनीतिक क्रियाकलापमा संलग्न हुन रोक लगाइएको छ ।

शिक्षा ऐन २०२८ मा पनि शिक्षकलाई राजनीति गर्न छुट दिएको छैन, तर व्यवहारमा राजनीतिक दल वा दलसम्वद्ध संगठन आवद्ध भएकै कारण कारबाहीमा परेका थिएनन् । तर अब स्थानीय तहले यही व्यवस्थामा टेकेर कारबाही गर्न सक्ने भएका कारण पनि शिक्षक संगठनका नेताहरु बढी आत्तिएका छन् ।

आन्दोलनको अगुवाइ गरिरहेको शिक्षक महासंघका महासचिव सुवेदी भने यो मुद्दा शिक्षकहरुको पेशागत सुरक्षासँग पनि जोडिएको बताउँछन् । भन्छन्, 'सुरक्षाको विषय भएकाले हाम्रो मुख्य चासो हुने नै भयो ।'

पूर्व शिक्षामन्त्री शिशिर खनाल बालविकास लगायतका शिक्षकहरुको केही माग सही भएपनि स्थानीय सरकारको मातहतमा नरहने माग सम्बोधन गर्न कठिन रहेको बताउँछन् । 'स्थानीय तहको अधिकारलाई संकुचित गर्ने माग सम्बोधन गर्न नसकिने भन्दै उनले भने, संविधानलाई कुल्चिएर कानुन त आउन मिल्दैन, कि त हामीले संविधान नै संशोधन गर्नु पर्‍यो ।'

शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइराला भने शिक्षकहरु पेशाकर्मी बन्नुपर्ने प्रस्तावित व्यवस्था राम्रो भएको मान्छन् । 'राजनीतिक चेतना भएको शिक्षक चाहिन्छ, तर राजनीतिक दलप्रति मरिहत्ते गर्ने होइन' उनले भने, 'अबको शिक्षक अहिलेको जस्तो भाट (दलको बफादार कार्यकर्ता) हुन हुन्न ।'

*(स्रोत: अनलाइनखबर)*

# नागरिकको निराशा बोल्ने 'दिमाग खराब'को 'बिरामी मुलुक' गीत

काठमाडौं/'लुट' फेम्ड निर्देशक निश्चल बस्नेतले करिब ६ वर्षपछि निर्देशनमा कमब्याक गरेको फिल्म 'दिमाग खराब'को पहिलो लिरिकल गीत सार्वजनिक गरिएको छ ।



'बिरामी मुलुक' बोलको गीतमा जयन जे वाइवाको शब्द रचना, संगीत तथा स्वर छ । गीतले नागरिकको निराशा बोल्छ । देशको राजनीतिक र आर्थिक अवस्थाले नागरिकको जीवनमा पारेको प्रभावलाई गीतमार्फत् व्यक्त गरिएको छ ।

सिनेमा आर्ट्स र ब्ल्याक हर्स पिक्चर्सको संयुक्त निर्माण रहेको फिल्ममा दयाहाङ राई, खगेन्द्र लामिछाने, स्वस्तिमा खड्का, अर्पण थापा, विजय बराल, सुमन कार्की, पुष्कर गुरुङ, माओत्से गुरुङ, राजन खतिवडा, रमा थपलिया, गौरभी आर एल सिंह लगायतको अभिनय छ । आकाश बरालको लेखन र मनोज पण्डित स्क्रिप्ट डक्टर रहेको फिल्म राजनीतिक-सामाजिक विषयमा आधारित छ ।

रौनक विक्रम कँडेल निर्माता र सुरज बम ठकुरी कार्यकारी निर्माताको रुपमा रहेको फिल्ममा सुसन प्रजापतिको छायांकन, निमेष श्रेष्ठको सम्पादन, जयन के वाइबा र बाबुल गिरीको संगीत, राजकुमार उप्रेतीको द्वन्द्व निर्देशन तथा रोहित शाक्यको ब्याकग्राउन्ड स्कोर छ । हिन्दू धर्मावलम्बीको ठूलो पर्व मानिने तिहारको अवसर पारेर आगामी कार्तिक २४ गतेबाट फिल्म प्रदर्शनमा आउँदैछ ।

# पुष २७ मा 'देव वाणी', पोस्टरमा कुन्दनको एक्सन मुड

काठमाडौं/बाबु साहेव बलामीको निर्देशनमा बनेको फिल्म 'देव वाणी'को आगामी पुष २७ गतेलाई प्रदर्शन मिति घोषणा गर्दै फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । दुईवटा पोस्टरमध्ये एउटामा सुनिल थापा, कुन्दन भारद्वाज र अनुजा लेप्चा फिचर्ड छन् । कुन्दन हातमा तरवार लिएर एक्सन मुडमा देखिएका छन् । त्यस्तै, दोस्रो पोस्टरमा कुन्दनलाई 'एंग्री योङम्यान'को रुपमा चित्रित गरिएको छ ।




फिल्ममा ध्रुव कोइराला, घनश्याम गिरी, रबिन्द्र झा, नन्दु श्रीवास्तव, अमिता श्राप, मौसम पौडेल, देव सिंह, प्रदीप ढकाल, काजोल राघवाणी, लक्ष्मीनाथ तिमल्सिनालगायतको पनि अभिनय छ । सिमरा, वीरगञ्ज, र काठमाडौंमा छायांकन भएको फिल्म नेपाली र हिन्दी भाषामा निर्माण भएको छ । नेपालकै मितिमा फिल्मलाई भारतका हलमा रिलिज गरिने निर्देशक बलामीले जानकारी गराए ।

मौसम फिल्म्स प्रोडक्सन हाउस र अनुजा इन्टरटेनमेन्टले निर्माणमा सहकार्य गरेको फिल्मको कथा निराजन मेहता मन्जिलको हो । मिना खड्का र हिराबहादुर लेप्चा निर्माता रहेको फिल्मको कार्यकारी निर्मातामा महेन्द्र यादव र अपार गुरुङ छन् । फिल्ममा श्री श्रेष्ठको द्वन्द्व, हरिबहादुर घलेको छायांकन, तेञ्जु योञ्जनको कोरियोग्राफी, मनोहर सुनामको संगीत र बन्दे प्रसादको सम्पादन छ ।

# फिल्म साइन गर्न नसकेकोमा आफैंलाई थप्पड हानेँ : गोविन्दा

एजेन्सी, मुम्बई/ ८०/९० को दशकमा बलिउडमा आफ्नो ठूलो दबदबा बनाएका सुपरस्टार गोविन्दा केही वर्षयता फिल्मविहीन छन् । उनलाई लिएर फिल्म बनाउन मेकरहरुले नै इच्छा देखाएका छैनन् । त्यसको मुख्य कारण उनको खस्कँदो क्रेज हो । कुनै समय उनलाई फिल्ममा लिनकै लागि मेकरहरु महिनौंसम्म कुर्थे । प्राय: हरेक फिल्म सुपरहिट हुन्थे । तर, अहिले गोविन्दाका लागि त्यो सपना बनेको छ ।

उनले ४ वर्षदेखि कुनै फिल्ममा काम गरेका छैनन् । तर, अघिल्लो वर्ष एक सय करोडको फिल्म आफूले अस्वीकार गरेको उनको दाबी छ । अहिले आफू कुनै फिल्म गर्नुभन्दा अगाडि धेरै सोच्न थालेको बताउँदै उनी भन्छन्, 'म कुनै पनि काम झट्टै गर्दिनँ । तर, जसलाई लाग्छ कि मैले काम पाइरहेको छैन भन्ने, उनीहरुलाई भनिदिउँ कि मैले गत वर्ष एक सय करोडको फिल्म छाडेको थिएँ ।'

फिल्म सम्झौता गर्न नसकेकोमा आफैंलाई थप्पड हानेको समेत उनको भनाई छ । 'एउटै फिल्म सम्झौता गर्न नसकेकोमा शिशाको अगाडि उभिएर मैले आफैंलाई थप्पड हानेको थिएँ । उनीहरुले मलाई राम्रो पैसा समेत अफर गरेका थिए । तर, म अब साधारण रोल गर्न चाहन्नँ । म केही यस्तो गर्न चाहन्छु, जुन पहिला गरेको थिइनँ । केही फरक भूमिकामा काम गर्न चाहन्छु,' गोविन्दाले भने ।

१९८६ मा फिल्म 'लभ ८६'बाट अभिनय करिअरको सुरुवात गरेका उनी पछिल्लो पटक 'रंगीला राजा'मा देखिएका थिए, जुन २०१९ मा प्रदर्शन भएको थियो । अहिले गोविन्दाको नाम एक हजार करोडको पेन इन्डिया अनलाइन पोन्जी स्क्याममा जोडिएको अवस्था छ । उनीसँग 'द ओडिशा इकोनमिक अफेन्सिस विंग'ले सोधपुछ गर्न लागेको जनाइएको छ । उनलाई नोटिस पठाइसकिएको छ ।

# गम्भीर अपराधमा संलग्नलाई संविधान दिवसमा उन्मुक्ति

काठमाडौं/मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार ६७० कैदीको बाँकी जेल सजाय छुट गर्ने निर्णय गरे ।

कुल कैद सजायमध्ये ५० प्रतिशत भुक्तान गरिसकेका ४९७, ४० प्रतिशत भुक्तान गरेका १७० र ज्येष्ठ नागरिक ३ जना गरेर ६७० जनाले संविधान दिवसमा राष्ट्रपतिबाट कैद छुट पाएका थिए ।

जन्मकैदको सजाय पाएका नेपालगञ्जका गुण्डा नाइके रिगल भनिने योगराज ढकाल पनि राष्ट्रपतिको निर्णयबाट थुनामुक्त भएका छन् । २० वर्ष कैद बस्नुपर्ने गरी जिल्ला अदालत, बाँकेले आदेश गरेको भए पनि रिगल ९ वर्ष कारागार बसेर छुटेको घोराही कारागारका जेलर लक्ष्मणसिंह राठौर बताउँछन् ।

ढकालको योजनामा २८ असार २०७२ मा नेपालगञ्जमा खुँडा प्रहार गरेर चेतन मानन्धरको हत्या भएको थियो । घटना भएका बेला ढकाल तरुण दलका क्षेत्रीय सभापति थिए । सत्तारुढ नेपाली कांग्रेसको भ्रातृ संगठन तरुण दलका नेता ढकाल रिहा हुँदा स्वागतका लागि कारागार बाहिर कार्यकर्ताको ताँती लागेको थियो । उनी कार्यकर्ताहरुको एस्कर्टमा बाहिर निस्किएका थिए ।

फौजदारी कसुर सजाय निर्धारण तथा सजाय ऐन, २०७४ ले जन्मकैद सजाय पाएकालाई कैद छुट दिन नमिल्ने व्यवस्था गरेको छ । तर, रिगलको हकमा अदालतबाट सजाय तोकिँदा यो ऐन लागू नभएको भन्दै उनलाई कैद छुटका लागि सिफारिस गरिएको हो ।

उनको सजाय छुटका लागि घोराही कारागारबाटै सिफारिस पठाइएको जेलर राठौरले बताए । यद्यपि, जानकारहरुका अनुसार, रिगलको कैद सजाय छुट गराउनका लागि कांग्रेस नेताहरुको तीव्र दबाब थियो । फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐनमा कैद सजाय छुटको निर्णय गर्दा चालचलन पनि हेर्नुपर्ने भनिएको छ । रिगलको हकमा भने पृष्ठभूमि हेरिएको नदेखिएको अधिकारीहरु बताउँछन् ।

घोराही कारागारमा सरुवा हुनुअघि रिगल केन्द्रीय कारागार सुन्धारामा थिए । त्यहाँ हुँदा उनले अरु गुण्डा नाइके समिर मानसिंह बस्न्यात, रमेश बाहुन लगायतसँग मिलेर जेलभित्रबाटै व्यवसायी धम्क्याएको प्रहरीले सूचना पाएको थियो ।

उनको गतिविधिलाई नजिकबाट नियालिरहेका उपत्यका अपराध अनुसन्धान कार्यालयका एक अधिकृतका अनुसार रिगल कुनै बेला प्रहरी मुठभेडमा मारिएका गुण्डा नाइके कुमार घैंटेको समूहमा सक्रिय थिए । घैंटेको छत्रछायाँमा गुण्डागर्दी बढाउँदै लगेका रिगलले २८ असार २०७२ मा खुँडा प्रहार गरेर नेपालगञ्जका चेतन मानन्धरको हत्या गरे । भारतबाट सञ्चालन हुने अवैध बसहरुबाट हप्ता असुली गर्ने विषयमा विवाद हुँदा रिगलको योजनामा मानन्धर मारिएको प्रहरी निष्कर्ष थियो ।

हत्यापछि ११ जना मात्रै पक्राउ परेका थिए । पक्राउ परेकाहरुलाई सार्वजनिक गर्दै तत्कालीन बाँके प्रहरी प्रमुख वसन्त पन्तले घटनाका प्रमुख योजनाकार रिगल भएको बताएका थिए । उनको खोजी भइरहेको पन्तले बताएका थिए ।

प्रहरी अधिकृतहरुका अनुसार, भागेर भारत पुगेका रिगल ३ भदौ २०७२ मा गुण्डा नाइके घैंटे प्रहरी मुठभेडमा मारिएपछि फस्किएका थिए । त्यसमाथि प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले पनि आफ्नो खोजी थालेको थाहा पाएर रिगलले सुरक्षित हुन आत्मसमर्पण गर्ने बाटो रोजे ।

घैंटे मारिएको चार दिनपछि जिल्ला अदालत, बाँके पुगेर उनले आत्मसमर्पण गरे । अदालतले ११ वैशाख २०७५ मा उनलाई जन्मकैदको सजाय सुनाएको थियो । यस्तो गम्भीर आपराधिक पृष्ठभूमिका व्यक्तिले राष्ट्रपतिबाट कैद छुटको सजाय पाउनुले नेपालमा अपराधको राजनीतिकरण कुन हदसम्म हुन्छ भन्ने देखाउने फौजदारी कानुनका जानकार सतीशकृष्ण खरेल बताउँछन् ।

'यसले अपराधीको प्रयोग राजनीतिमा हुन्छ भन्ने पनि प्रमाणित गर्छ, नभए जेलभित्रै बस्दा समेत अपराध गर्ने व्यक्तिलाई सजाय छुट दिनु पछाडि के औचित्य हुन्छ र ?', वरिष्ठ अधिवक्ता खरेल भन्छन्, 'अझ राष्ट्रपति रामचन्द्र पौडेलबाट त्यो निर्णय सदर हुनु झन् दु:ख लाग्दो कुरा हो ।'

राष्ट्रपति पौडेलका कानुनी सल्लाहकार वरिष्ठ अधिवक्ता बाबुराम कुँवर भने सरकारले पठाएको सिफारिसमाथि कार्यालयले निर्णय गर्ने भएकाले यसमा आफूहरुको कुनै भूमिका नहुने बताउँछन् ।

कैद छुट सिफारिसका लागि सम्बन्धित कारागार कार्यालयले सिफारिस पठाउने व्यवस्था छ । कारागारका प्रशासक (जेलर) र सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले स्वीकृत गरेर कैद कट्टाका लागि गृह मन्त्रालयमा सिफारिस गर्ने चलन छ ।

मन्त्रालयबाट मन्त्रिपरिषद्मा पठाइने सूची स्वीकृत भएपछि कैद कट्टाका लागि राष्ट्रपति कहाँ पठाउने गरिन्छ । त्यसैले यसमा राष्ट्रपतिको भूमिका नहुने कुँवरको जिकिर छ । तर, राष्ट्रपतिले चाहेमा त्यो रोकिन वा संशोधन हुनसक्छ भन्ने उदाहरण राष्ट्रपति पौडेल स्वयंले फिर्ता गरेको आममाफीका लागि गरिएको ३४ जनाको सिफारिस हो । गृह मन्त्रालयले अदालतबाट दोषी ठहर भएर फरार रहेका समेत गरी ३४ जनाको सजायमा आममाफी दिन सिफारिस गरेको थियो । तर, त्यससम्बन्धी फाइललाई राष्ट्रपति कार्यालयले गृह मन्त्रालयमा फिर्ता पठाइदिएको थियो ।

राष्ट्रपतिका कानुनी सल्लाहकार कुँवरका अनुसार, अपराधमा संलग्नको विस्तृत विवरण, फैसला र माफी दिनुपर्ने कारण नखुलाएका कारण त्यसबारे स्पष्ट पार्न भन्दै पत्राचार गरिएको हो ।

'आममाफीका लागि सम्बन्धित व्यक्ति स्वयम्ले निवेदन दिनुपर्ने व्यवस्था छ, उनीहरु आफैंले निवेदन दिएको हो/होइन, फरार हुन् भने कसरी दिए ? लगायतका प्रश्न गरेका थियौं', कुँवरले भने, 'त्यसको स्पष्ट जवाफ नआएपछि आममाफीको निर्णय भएन ।'

आममाफी र कैद कट्टा भिन्दाभिन्दै विषय भएको भन्दै कुँवरले भने, 'आममाफी राष्ट्रपतिले गर्ने निर्णय हो, त्यसैले यसमा प्रश्न गरिएको हो, आम माफी र कैद कट्टा फरक विषय हुन् ।' विगतमा विभिन्न राजनीतिक दलसँग सम्बद्ध नेता, कार्यकर्ताहरुलाई सजाय छुट दिन यही आममाफीको प्रावधानको दुरुपयोग हुने गरेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# राष्ट्रिय अवार्डमा उत्कृष्ट फिल्म गायब भएपछि 'प्रकाश' टिम पुग्यो अदालत

काठमाडौं/भदौ १२ गते राष्ट्रपति कार्यालयमा आयोजना भएको राष्ट्रिय चलचित्र पुरस्कारमा उत्कृष्ट फिल्म घोषणा नभएको विषयमा अदालतमा रिट निवेदन परेको छ । फिल्म 'प्रकाश'का निर्देशक दिनेश राउत, लेखक विकास सुवेदी र फिल्म छायांकन भएको ठाउँ जुम्लाका स्थानीय मीनराज आचार्यले चलचित्र विकास बोर्डलाई विपक्षी बनाइ बिहीबार दिउँसो उच्च अदालत पाटनमा मुद्धा दर्ता गरेका हुन् ।

रिटमा जुरी कमिटीको निर्णयको सक्कल प्रति झिकाउनुपर्ने र उत्कृष्ट फिल्मको विधामा अवार्ड वितरण नगर्नुको कारण सार्वजनिक गर्नुपर्ने माग गरिएको छ । निवेदनमा छलफलका लागि शुक्रबार बिहान ११ बजे अदालतमा बोलाइएको जानकारी प्राप्त छ । फिल्म अवार्डमा उत्कृष्ट फिल्मको विधा सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । तर, राष्ट्रिय अवार्डमा पहिलोपटक यही विधा गायब थियो ।

राष्ट्रिय अवार्डको जुरी टिमले 'प्रकाश'को नाम उत्कृष्ट फिल्ममा सिफारिस गरेको तर सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र चलचित्र विकास बोर्डले सरकारमा रहेको पार्टी (माओवादी केन्द्र)लाई नकारात्मक रुपमा चित्रित गरेको फिल्मलाई अवार्ड दिन नमिल्ने भन्दै उत्कृष्ट फिल्मको विधा नै गायब बनाइएको चर्चा छ । तर, यस विषयमा न मन्त्रालय न बोर्डले नै आधिकारिक धारणा राखेको छ ।

प्रमुख विधामा नै अवार्ड वितरण नहुने भएपछि जुरी संयोजक राजेन्द्र सलभ कार्यक्रममै उपस्थित भएका थिएनन् । तर, अहिलेसम्म उनी यस विषयमा मौनता साँधेर बसेका छन् । जुरी सदस्य अनुप भट्टराई (फरक कोण)ले भने सामाजिक सञ्जालमा स्टाटस लेख्दै निर्णायक कमिटीले बुझाएको सर्वोत्कृष्ट फिल्मको निर्णयलाई चलचित्र विकास बोर्डले वितरण नगर्नुको कारणबारे प्रश्न गरेका थिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# कृषि र पशुपालन निर्वाहमूखी मात्र

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र हेटौंडाको आयोजनामा सरोकारवाला निकायको उपस्थितिमा वार्षिक कार्यक्रम समीक्षा तथा सार्वजनिक भएको छ ।

कार्यक्रममा चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम सार्वजनिक गरिएको हो । भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ मकवानपुरका कार्यालय प्रमुख डा.बज्रकिशोर ठाकुरको सभापतित्वमा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका उपप्रमुख सानुकाजी लुइटेलको प्रमुख आतिथ्यता रहेको थियो । उपप्रमुख लुईंटेलले कृषि र पशुक्षेत्र अझै पनि किसानको निर्वाहमुखी मात्र भएको बताए ।




उनले कृषिक्षेत्रको रुपान्तरणको लागि अगाडि बढ्न किसानलाई हौसला मिल्नेखालका कार्यक्रम ल्याउन सके किसानको आर्थिक अवस्थामा सुधार ल्याउन सकिने वताएका छन् । जतिसक्यो चाँडो किसानसमक्ष सीमित स्रोत साधनकाबीच गरेको कुनै पनि कार्य समन्वय गरी अगाडि बढ्न वेलैमा सजग हुनु लुईंटेलले आग्रह गरे । कार्यक्रममा पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय बागमती प्रदेश हेटौंडाका डा.गौरीमान श्रेष्ठले मकवानपुर कृषि र पशुपालनमा अग्रणी स्थानमा रहेकोले कृषि र पशुपालनलाई पछाडि राख्दा जिल्ला समृद्ध नहुने बताए ।

पशुमा लगानी गरेको खण्डमा कृषि व्यवसाय फस्टाएर जान्छ भन्दै श्रेष्ठले कृषि र पशुपालनमा बकैया गाउँपालिकाको जनप्रतिनिधिले प्रस्तुत गरेको प्रतिवेदनलाई प्रशंसा सहित उदाहरण दिए । पहिला सांगठानिक ढाँचाले आफूहरुलाई बाँधेर राखेको थियो । तर, अहिले त्यो व्यवस्था हटेर गइसकेकोले काम गर्न सहज हुने उनले वताए । कार्यक्रममा कैलाश गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले अझै पनि निर्वाहमुखी पशुपालन नभएको बताए । राज्यले गाँजाखेतीलाई नीति बनाएर दियो भने स्थानीयको आर्थिक समृद्धि हुने उनले बताए ।

कैलाश गाउपालिका यसै पनि विकट छ । जहा बर्खाको बेला बाढीपहिरोका कारण अवरोध आउँछ, जसको कारण समयमै सोचेजस्तो सेवा प्रदान गर्न अवरोध हुने गरेको मल्लले बताए । लम्पी स्किनको महामारीको समयमा प्राविधिक खटाएर सेवा दिन गाउपालिका सक्षम भएको उनले वताए । कैलाश गाउपालिकालाई सरोकारवालाले ध्यान दिन आग्रह गर्दै अनुगमन गर्न अप्ठ्यारो रहेतापनि जेनतेन पालिकाले किसानलाई सुविधा प्रदान गर्दै आएको वताए ।

कार्यक्रममा इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले भेटेरीनरी अस्पतालसँग मिलेर काम गर्ने चाहना रहेको वताएका छन् । उद्योग कलकार खानाको उचित मूल्याङ्कन हुन नसक्दा कृषिमा आधारित हुनुपरेको उनले वताए । नेपाललाई विषादिमुक्त बनाउने हो भने कृषिलाई अविलम्ब राष्ट्रियकरण गर्नुपर्ने वताए । कार्यक्रममा गढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले गढी गाउँपालिकाले कृषिमा उल्लेख्य परि परिवर्तन गरेको वताएका छन् । बाखापालन, गाईपालन, तरकारी खेतीमा गढी गाउँपालिकाले किसानको जीवनशैली परिवर्त गरिदिएको उनले बताए । गढी गाउँपालिकाले स्थानीय प्रवर्द्धनलाई प्राथमिकतामा राखेर दिवाखाजामा समेत कोदोको रोटी, फापरका परिकार वनाएर किसानको आत्मवल बढाएको लामाले बताए ।

कार्यक्रममा योजना महासंघप्रमुख कृषि तथा पशुपंक्षी विकास मन्त्रालय बागमती प्रदेश हेटौंडाका सुजन कंडेलले कृषिलाई तीनै तहबाट संचालन भएको अनुदानको दुरुपयोग भएको खण्डमा छोड्न नमिल्ने वताएका छन् ।

सबै स्थानीय तहका कृषि प्राविधिकले २०८०/८१ को कार्यक्रमहरु सार्वजनिक गरेका थिए । भेटेरीनरी अस्पतालतथा पशुसेवा विज्ञकेन्द ,मकवानपुरका प्रमुख डा ठाकुरले कुनै पनि कार्यलाई समन्वय गर्न पालिकासँग सम्भव भएसंम्म आ-आफ्नो क्षेत्रलाई मर्ज गरेर कार्यक्र गर्ने बताए ।

कुनैपनि काम उद्घोष गरेर पछि नहट्न डा ठाकुरले अनुरोध गरेका छन् । किसानको मनोभावना बुझेर हरेक किसानको घरदैलोमा पुगेर सेवा दिने सवालमा कहिलेकहीं नचाहँदा नचाहँदै पनि कमीकमजोरी हुनसक्ने बताउँदै त्यसलाई सुधारेर अगाडि वढ्न उनले आग्रह गरेका छन् ।

कार्यक्रममा प्रदेश दुग्ध विकास वोर्डका उपाध्यक्ष टीकावल्लभ सापकोटा, थाहा नगर पालिका-३ का वडाअध्यक्ष हिरेन्द्रकुमार रायमाझी, वकैया गाउँपालिका-९ का वडा अध्यक्ष टंकध्वज लोप्चन लगायतको उपस्थिति रहेको थियो ।

# बागमती प्रदेशमा मातृ र शिशु मृत्युदर सबैभन्दा कम

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/सात वटा प्रदेशमध्ये बागमती प्रदेशमा मातृ मृत्युदर र शिशु मृत्युदर सबैभन्दा कम रहेको पाइएको छ ।



नेपाल जनसाङ्खिक सर्वेक्षण २०२२ अनुसार एक लाख जन्मिएका बालबालिकामध्ये १ सय ५१ जनाको मृत्यु हुने गरेको तथ्यांक छ । नवजातशिशु मृत्युदर प्रति १ हजारमा २१ रहेको छ । प्रत्येक दिन २ जनाका दरले मातृमृत्यु हुने गरेको स्वास्थ्य सेवा विभागअन्तर्गत रहेको परिवार कल्याण महाशाखाको तथ्यांकले देखाएको छ । अनिच्छित गर्भ र असुरक्षित गर्भपतनका कारण मातृमृत्यु कम गर्न चुनौती देखिएको अध्ययनले देखाएको हो । मातृमृत्युको कारणमध्ये करिब ५ प्रतिशत गर्भपतनको जटिलता भएको उल्लेख छ ।

मातृमृत्यु भएकामध्ये १० प्रतिशत किशोरी रहेका छन् । त्यस्तै, उपयुक्त जन्मान्तरको कमीले पनि मातृमृत्यु बढिरहेको महाशाखाले जनाएको छ । अझैपनि करिब आधा जति गर्भ अनिच्छित रहने गरेको महाशाखाद्वारा गरिएको अध्ययनले देखाएको छ । सात प्रदेशमध्ये लुम्बिनी प्रदेशमा सबैभन्दा बढी र बागमती प्रदेशमा सबैभन्दा कम मातृमृत्युदर रहेको छ । अध्ययनअनुसार करिब दुई तिहाइ अनिच्छित गर्भपतन र कुल गर्भपतनको करिब आधा असुरक्षित हुने गरेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार यदि दम्पतीले दुई गर्भबीच कम्तीमा २ वर्षको अन्तर कायम गरेमा परिवार योजना सेवाले ३० प्रतिशत मातृमृत्यु र १० प्रतिशत बालमृत्यु कम गराउने भनिएको छ । नेपालमा भने करिब ५३ प्रतिशत मातृमृत्युलाई कमी ल्याउन परिवार योजना सेवाको योगदान रहेको अध्ययन भन्छ । लुम्बिनी प्रदेशमा मात्रै २ सय ७ मातृमृत्युदर रहेको छ । सबै भन्दा कम बागमती प्रदेशमा ९८ मातृमृत्युदर छ । दोस्रोमा कर्णाली प्रदेशमा १ सय ७२ मातृ मृत्युदर रहेको छ । गण्डकी प्रदेशमा १ सय ६१, कोशी प्रदेशमा १ सय ५७, मधेस प्रदेशमा १ सय ४० र सुदूरपश्चिम प्रदेशमा १ सय ३० मातृमृत्युदर रहेको महाशाखाले जनाएको छ ।

समग्रमा नेपाल भरको शिशुमृत्युदर १९ दशमलव ८ प्रतिशत रहेको छ । महाशाखाको आँकडालाई केलाउँदा सात प्रदेशमध्ये शिशुमृत्युदर सबैभन्दा बढी मधेस प्रदेशमा २८ दशमलव ९ प्रतिशत तथा सबैभन्दा कम गण्डकीमा ९ दशमलव ४ प्रतिशत र गण्डकी पछि बागमतीमा कम शिशु मृत्यु दर रहेको पाइएको छ । लुम्बिनी प्रदेशमा १९ दशमलव ६ प्रतिशत, सुदूरपश्चिममा १८ दशमलव ६ प्रतिशत, कोशी प्रदेशमा १७ दशमलव २ प्रतिशत, कर्णाली प्रदेशमा १५ दशमलव ६ प्रतिशत, बागमती प्रदेशमा १० दशमलव ७ प्रतिशत मृत्युदर रहेको परिवार कल्याण महाशाखाले जनाएको छ ।

नेपालमा नवजात मृत्युदरमध्ये सबैभन्दा धेरै दुई वर्षमुनिका नवजातको मृत्यु भएको पाइएको छ । परिवार कल्याण महाशाखाले नवजातको उमेर समूहलाई ४ भागमा विभाजन गरेको छ । जसमा दुई वर्ष, दुई वर्षसम्मका, तीन वर्ष सम्मका र चार वर्षभन्दा माथिका नवजात भनेर उल्लेख गरिएको छ । यी उमेर समूहका नवजातमध्ये सबैभन्दा भन्दा धेरै दुई वर्षमुनिका नवजातको मृत्युदर ४२ प्रतिशत रहेको छ । यसैगरी, दोस्रोमा दुई वर्षसम्मका नवजात मृत्यु १८ प्रतिशत, तेस्रोमा तीन वर्षसम्मका नवजात मृत्यु १६ तथा चार वर्ष भन्दा माथिका नवजातको मृत्यु १२ प्रतिशत रहेको छ । ठुलो उमेर समूहका भन्दा साना उमेर शिशुको मृत्यु दर अधिक रहेको छ ।

# कांग्रेस प्रदेश समितिलाई अधिकार माग्दै बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ नेपाली कांग्रेस केन्द्रीय समिति बैठकमा बोल्दै बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले प्रदेश समितिलाई अधिकार नदिएको बारे नेतृत्वको ध्यानाकर्षण गराएका छन् ।

नेपाली कांग्रेसले केन्द्रीय कार्यसमिति बैठकमा प्रदेश सभापतिहरुलाई सहभागी गराएसँगै बानियाँसहित अन्य प्रदेशका सभापतिहरुले अधिकार मागेका थिए । प्रदेश सभापतिहरुले संघीयतालाई मजबुत बनाउनुपर्ने भनेर वकालत गर्ने पार्टीले आफ्नै संगठनभित्र भने प्रदेशलाई अधिकारसम्पन्न बनाउन नचाहेको गुनासो दोहोऱ्याएका थिए । बागमतीका सभापति बानियाँले केन्द्रले प्रदेश कार्यसमितिलाई अधिकार दिन कन्जुस्याइँ गरेको आरोप लगाए ।

'प्रदेशलाई अधिकार नदिएर कसरी संघीयता अघि बढ्छ ? हामी संघीयतालाई मजबुत बनाउने कुरा गर्छौं तर, प्रदेशलाई अधिकार नदिएर संघीयता कसरी बलियो हुन्छ ?,' उनले भने, 'कम्तीमा पार्टीकै सदस्यता वितरण गर्ने कुरामा त प्रदेशलाई विश्वास गरिदिनुपऱ्यो ।', बानियाँले एकात्मक राज्यप्रणाली अवधारणा अनुसार सरकार चलेको आभास भइरहेको बताएका छन् । प्रदेश संरचनालाई सरकारले वेवास्ता गरेको केन्द्रीय समितिमा गुनासो गरेका उनले यस्तै अवस्था रहे संघीयता धेरै समय नजाने दाबी गरे । 'संविधानले चिनेको व्यवस्था अनुसार आज प्रदेश अघि बढ्न सकेन,' बानियाँले भने, 'यही तरिका हो भने यो संघीयता लामो समय जाने छाँटकाँट देखिँदैन ।'



प्रदेश सरकारसँग झण्डा र डण्डा भए पनि अधिकार बिहीन भएको उनले उल्लेख गरे । प्रदेश भनेको संघीयता र पहिचान भएपनि अधिकारविहीन राखिएको उनको गुनासो थियो । 'हतियारविहीन भएर लडाइँ लड्न जाने सिपाही जस्तो बनाइएको छ,' बानियाँले भने । प्रदेश सरकारको दोस्रो कार्यकाल हुँदा समेत प्रहरी, निजामति, शिक्षा ऐन बनाउन केन्द्र सरकार बाधक रहेको उनले सुनाए । संघीयतालाई बलियो बनाउने हो भने संविधान संशोधनको आवश्यकता रहेको उनको टिप्पणी थियो ।

बैठकमा प्रदेश सभापतिहरुले प्रदेशभित्र पार्टीको सदस्यता वितरण र संगठन परिचालनदेखि प्रदेश सरकार गठनसम्मका निर्णयहरुमा प्रदेश कार्यसमितिलाई स्वायत्त बनाउन माग गरेका थिए । लुम्बिनी प्रदेश सभापति अमरसिंह पुनले संघीयताको पक्षमा रहेको पार्टीले पहिले पार्टीकै प्रदेश कार्यसमितिलाई अधिकारसम्पन्न बनाउनुपर्ने बताए ।

गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले पार्टी नेतृत्वले प्रदेश कार्यसमितिलाई अधिकार दिनै नचाहेको गुनासो गरे । मधेश प्रदेशका सभापति कृष्णप्रसाद यादवले प्रदेश कार्यसमितिहरु अधिकारविहीन रहेको गुनासो गरे । कर्णाली प्रदेशका सभापति ललितजंग शाही र सुदूर पश्चिम प्रदेशका सभापति वीर बहादुर बलायरले वर्तमान निर्वाचन प्रणालीमा सुधारको खाँचो रहेको बताए ।

# अजरअम्मर रोडमा खुल्यो 'डिलक्स शैलुन, पार्लर'

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ हेटौंडा उपमहानगरपालिका-४ अजअम्बरोडस्थित सिग्मा भवनमा सुबिधासम्पन्न डिलक्स युनिसेक शैलुन तथा पार्लर खुलेको छ । शुक्रबारबाट शैलुन पूर्णरुपमा सञ्चालनमा आउने छ ।

डिलक्स शैलुन तथा पार्लरका सञ्चालक हरि चौलागाईं र सुभद्रा हुमागाईंले पत्रकार सम्मेलन गर्दै यसका बारेमा जानकारी गराए । एकै स्थानमा कपाल, दारी काट्ने, कपाल कलर गर्ने, ब्युटी पार्लरलगायतका सबै सेवा दिन लागिएको हो । हेटौंडामा मात्र नभएर नेपालमै फरक किसिमको नमूना शैलुन तथा पार्लर खोलिएको सञ्चालक चौलागाईले बताए । ६० लाख रुपैयाँ लगानीमा खोलिएको शैलुन तथा पार्लरमा १२ जनाले प्रत्यक्षरुपमा रोजगारी पाएको अर्का सञ्चालक हुमागाईंले बताइन् ।

यहाँको शैलुनमा एकैपटक ८ जनाले कपाल तथा दारी काट्न मिल्ने छ । त्यसैगरी ब्युटीपार्ललमा पनि एकै पटक ३ जनालाई राखेर सुरन्दरता बनाउन सकिने यहाँका सिनियर हेयर स्टाइलिस राजेश ठाकुरले बताए । यस शैलुन तथा पार्लरमा स्पेन तथा पेरीसका सामानहरु प्रयोग गरेर बिकसित देशमा जस्तैगरी फरक तरिकाले कपाल काट्ने, दारी काट्ने, कपालमा कलर गर्ने ठाकुरले बताए । कपाल काट्ने क्षेत्रमा २० वर्षदेखि काम गर्दै आएका ठाकुरको नेतृत्वमा अरुले पनि काम गर्नेछन् ।

त्यसैगरी ब्युटीपार्लरमा भारतको नयाँदिल्लीबाट आएकी बन्दना सिंहले ब्युटीसियनको काम गर्नेछन् । एड्भान्स मेसिनको प्रयोग गरेर छालाको गुणस्तर र सुन्दरतामा ध्यान दिइने सञ्चालक चौलागाईंले बताए ।

शैलुन तथा पार्लरबाट पैसा कमाउने भन्दा पनि आफ्नै ठाउँमा सेवा पनि दिने तरिकाले काम गर्न लागिएको उनले बताए । आम सेवाग्राहीलाई अन्यत्र भन्दा फरक र गुणस्तरीय सेवा दिनेगरी शुक्रबारबाट सेवा सुरु गरिने उनले बताए ।

# टिभिएसद्वारा आकर्षक अफरसहित एक्सचेन्ज अफर

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ नेपालका लागि टिभिएसको अधिकारिक बितरक कम्पनी जगदम्बा मोटर्सले आकर्षक अफर सहित च्याम्पियन्स एक्सचेन्ज अफरको घोषणा गरेको छ ।




आफ्ना ग्राहकको लागि जगदम्बा मोटर्सले असोज १ गतेदेखि नयाँ मोटरसाईकल तथा स्कुटर खरिद तथा पुरानो मोटरसाईकल तथा स्कुटर एक्सजेन्जमा आकर्षक छुट तथा उपहारहरुको व्यवस्था गरेको कम्पनीले जनाएको छ । हेटौंडामा टिभिएसको आधिकारिक बिक्रेता हेटौंडा अटोमार्टले पनि चाडपर्वको अवसरमा जगदम्बा मोटर्सले घोषणा गरेको आकर्षक अफरहरु सहित च्याम्पियन्स एक्सचेन्ज अफर अन्तर गत स्कुटर तथा मोटरसाईकलको बिक्री तथा एक्सचेन्जको सुरुवात गरेको सञ्चालक प्रवेशराज बरुवालले बताए ।

सञ्चालक बरुवालका अनुसार ग्राहकहरुले आफ्नो पुरानो मोटरसाईकल तथा स्कुटर एक्सचेन्ज गरेर टिभिएसको नयाँ मोटरसाईकल तथा स्कुटर लिँदा १० हजार बढी मूल्य प्राप्त गर्नेछन् । साथै ग्राहकले 'हर मोडमा उमंग' योजना अन्तर गत नकिन्दै १ लाख र किन्दा ५ लाखसम्म नगद छुट पाउन सक्ने टिभिएसले जनाएको छ । टिभिएसका अनुसार हरेक महिना ग्राहकले लक्की ड्र मार्फत शतप्रतिशत रकम फिर्ता पाउन सक्नेछन् भने बम्पर उपहार अन्तरगत एकजानले १० लाख नगद पुरस्कार प्राप्त गर्नेछन् ।

यसै योजनामा न्युनतम २५ प्रतिसत डाउन पेमेन्ट र शुन्य प्रतिशत ब्याजदरको मासिक किस्ताबन्दी सुबिधामा मोटरसाईकल तथा स्कुटर खरिद गर्न सकिनेछ । टिभिएसको नेपालभर १ सय ४० भन्दा बढी डिलर र सर्भिस सेन्टरहरुबाट उत्कृष्ट सेवा दिईरहेको कम्पनीले जनाएको छ । कम्पनीले टिभिएसका मोटर साईकल तथा स्कुटरको ईन्जिनमा लाईफ टाईम वारेन्टीको ब्यवस्था समेत गरेको जगदम्बा मोटर्सले जनाएको छ ।

# श्रीमान्को कुटाईबाट श्रीमती घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ हेटौंडामा श्रीमान्को कुटाईबाट श्रीमती गम्भीर घाइते भएकी छिन् । बुधबार राति हेटौंडा-१४ नयाँबस्तीका ३० बर्षीय भोम्जनबाबु तामाङले आफ्नो श्रीमती ३० बर्षीया सरिता तामाङ निर्घात कुटपिट गरेका हुन् ।

भोम्जनको कुटपिटबाट ३० वर्षीया सरिता गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रहरी नायव उपरीक्षक (प्रवक्ता) लक्ष्मी भण्डारीले जानकारी दिए । प्रहरीका अनुसार, गम्भीर घाइते सरिताको हेटौंडा-१ मा रहेको सञ्चो अस्पतालमा उपचार भइरहेको छ ।

कुटपिटमा संलग्न भोम्जनलाई बुधबार राति नै प्रहरीले नियन्त्रणमा लिई घटनाको बारेमा आवश्यक अनुसन्धान गरिरहेको र उनलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा राखिएको जनाइएको छ ।

# जिल्लामा डेंगू संक्रमितको संख्या ४ सय ६५ पुग्यो



साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ मकवानपुरमा बिहीबार थप ५ जनामा डेंगू संक्रमण भएसँगै संक्रमितको कूल संख्या ४६५ पुगेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । बिहीबार जिल्लाको हेटौंडा उपमहानगरपालिकाका ३ जना, मकवानपुरगढी र भीमफेदी गाउँपालिकाका १-१ जनामा डेंगू संक्रमण पुष्टि भएको हो ।

स्वास्थ्य कार्यालयका अनुसार, जिल्लामा हालसम्म संक्रमित भएकामध्ये सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् । यहाँ ३१९ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । यसैगरी, थाहानगरपालिकाका एक जना, मकवानपुरगढी गाउँपालिकाका ७ जना, बागमती गाउँपालिकाका २२ जना, मनहरी गाउँपालिकाका ४१ जना, इन्द्रसरोवर गाउँपालिकाका २ जना, भीमफेदी गाउँपालिकाका ११ जना, बकैया गाउँपालिकाका १५ जना र राक्सिराङ गाउँपालिकामा १ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

# बीरगञ्जबाट हेटौंडाका युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/पर्सा वीरगञ्ज महानगरपालिका-१६ शंकराचार्य गेटबाट बुधबार साँझ लागुऔषध सहित हेटौंडाका एक युवा पक्राउ परेका छन् । पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका-४ बस्ने ३४ बर्षीय अजीत तामाङ रहेका छन् ।

विशेष सूचनाको आधारमा प्रहरीले रक्सौलबाट वीरगञ्जतर्फ आउँदै गरेको प्र.२-०२-००४ प ७४९५ नम्बरको स्कुटरलाई रोकेर खानतलासी गरेको थियो । खानतलासी गर्दा तामाङ चढेर आएको स्कुटर सिटमुनी रहेको फल्स सिलिङबाट लागुऔषध ओनिरेक्स ६९ बोत्तल फेला परेको प्रहरीले जनाएको छ । स्कुटर र लागुऔषध सहित तामाङलाई नियन्त्रणमा लिएर लागुऔषधसम्बन्धी कसूरमा थप अनुसन्धान कार्य भैरहेको प्रहरीले जनाएको छ ।

**१३ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस सहकारी संस्था लि. को १३ औं बार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएको हुँदा समयमा नै अनिवार्य उपस्थिति भईदिनु हुन शेयर सदस्य ज्यूहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**
मिति:- २०८० असोज १३ गते शनिवार
समय:- मध्यान्ह १२:०० बजे
स्थान :-रोयल पार्टी प्यालेस, हेटौंडा-४ मेनरोड

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-१०, राप्तीरोड, मकवानपुर

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना